हुलाक सेवाः नागरिकको विश्वास

- ❖ हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- ❖ दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- ❖ हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- ❖ हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- ❖ चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- ❖ हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- ❖ हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- ❖ आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २५७ ★ ने. सं. ११४६ ञला गा, द्वादशी ★ बुधबार ★ २१ असोज, २०८३ ★ October 7, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## पुँजीवादी सरकार मातहत हुने निर्वाचन स्वच्छ र निष्पक्ष नहुने

दैलेख, २० असोज । नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिको आयोजनामा मङ्गलबार जम्मुकाँधमा देशको समसामयिक राजनीति विषयक कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी जनताको भरमा अगाडि बढ्ने पार्टी हो, यसले प्रतिक्रियावादीहरूको सहयोगमा पार्टी विस्तार हुनेमा विश्वास गर्दैन भन्नुभयो ।

उहाँले पुरानै नीतिमा हिँड्नेहरू सरकारमा पुगेर नयाँ दाबी गर्दैमा हुने केही होइन भन्नुभयो ।

सचिव सुवालले पुँजीवादी सरकार मातहत हुने निर्वाचन स्वच्छ र निष्पक्ष नहुनेतर्फ नेपाली जनता सचेत हुनु जरुरी छ भन्नुभयो ।

"आजसम्मका सरकारहरूले देशको सन्तुलित विकास गर्ने नीति र बजेट बनाएको छैन । यसकारण पनि सङ्घ र प्रदेश राजधानीमा बसाइँसराइ बढ्यो र फोहरमैला र सडकजामलगायत समस्या भयो ।", उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले कामदार जनताको सेवा गर्न जात र क्षेत्रको आधारमा नभई विचार र वर्गको आधारमा सङ्गठनलाई थप मजबुत बनाउनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य केशेन्द्रप्रकाश कार्कीले ३५ वर्षसम्म शासक दलहरूले व्यक्तिगत स्वार्थको लागि राज्यस्रोतबाट फाइदा लुटिरहेको हुँदा देश दुर्गतिमा पुगेको बताउनुभयो ।

नेमकिपाका पूर्वकेन्द्रीय सदस्य उदयजङ शाहीले पार्टीको विचारप्रतिको आस्था भनेको दुबोजस्तो हुने चर्चा गर्दै दुबोमाथि ढुङ्गा राखे पनि दुबो मर्दैन बरु चारैतिर दुबो झन् बाक्लो फैलिन्छ भन्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य नीरकबहादुर शाहीले आफ्नै देशमा रोजगारी नपाएका कारण भारतको हिमाञ्चलका गल्ली गल्लीमा नेपालीहरू जोखिमपूर्ण काम गर्न बाध्य रहेको बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य लक्ष्मी बिकले कामदारवर्गको न्यायोचित लडाइँमा पार्टी कार्यकर्ताहरू झन् बढी सक्रिय हुनु जरुरी छ भन्नुभयो ।

नेमकिपा दैलेखका जिल्ला अध्यक्ष खगेन्द्रबहादुर शाहीको सभापतित्वमा सम्पन्न प्रशिक्षण कार्यक्रममा उपस्थित कार्यकर्ताहरूले आ-आफ्ना धारणा र जिज्ञासा राख्नुभएको थियो ।

## चीनको प्राथमिकतामा कोरोला नाका

### स्थलगत निरीक्षण गरेर फर्किए चिनियाँ राजदूत चाङ

**कास्कीमा रोहितराज पराजुली**

चीनले नेपालसँगको व्यापारका लागि कोरोला नाकालाई प्राथमिकतामा राखेको छ । भौगोलिक विकटता देखाएर रसुवागढी र तातोपानी सञ्चालनमा आनाकानी गरिरहेको चीनले कोरोलालाई अन्तर्राष्ट्रिय नाकाका रूपमा विकास गर्ने भन्दै नेपालस्थित राजदूत चाङ माओमिङको नेतृत्वको पाँच सदस्यीय टोलीलाई स्थलगत निरीक्षणका लागि खटाएको थियो । कोरोला नाका निरीक्षण गरेर राजदूत चाङ सोमबार फर्किएका छन् ।

कोरोलालाई अन्तर्राष्ट्रिय नाकाका रूपमा विकास गर्न नेपालले नै प्रस्ताव गरेको हो । तर, रसुवागढी र तातोपानी सञ्चालनलाई थाती राखेर चीनले कोरोलालाई प्राथमिकता दिँदा चीनबाट आयात गर्ने वस्तुको लागत महँगो पर्न जाने व्यवसायीले बताएका छन् । राजदूत चाङसहितको चिनियाँ टोलीसँग गएको पाँच सदस्यीय टोली उपल्लो मुस्ताङको लोमान्थाङसम्म पुगेर तीनदिने भ्रमण सकेर सोमबार फर्किएको हो । चिनियाँ टोलीसँग नेपाली प्रतिनिधिमण्डलले समेत निरीक्षण गरेको जिल्ला प्रशासन कार्यालय, मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारीले जानकारी दिए । कोरोला नाका हुँदै




लोमान्थाङ आएको चिनियाँ टोली जोमसोमस्थित जिल्ला प्रशासन कार्यालयमा आयोजना गरिएको बैठकमा सहभागी भई पुनः लोमान्थाङ हुँदै कोरोला नाकाबाटै चीन फर्किएको छ ।

चिनियाँ टोलीले मुस्ताङकी प्रमुख जिल्ला अधिकारी अजिता शर्मा, मुस्ताङ भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत विदुर चुडाललगायतका सरोकारवालासँग छलफल गरेको थियो । सो छलफलमा कोरोलालाई हाल नेपाल र चीनले आफ्नो वैकल्पिक नाकाका रूपमा प्रयोग गर्दै आएकोमा अब व्यवस्थित गर्ने, नाकामा देखिएका समस्या र चुनौतीको समाधान, आवश्यक पूर्वाधार निर्माण गरी अन्तर्राष्ट्रिय नाकाका रूपमा विकास गर्ने, काठमाडौंदेखि नाकासम्म पुग्ने सडक सञ्जाललाई विकास विस्तारसँगै सहज बनाउनेलगायतका विषयमा छलफल भएको मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले जानकारी दिए ।

चिनियाँ टोलीले नाकादेखि सडकको अवस्थाबारे केन्द्रित रहेर जानकारी लिएको उनले बताए । मुस्ताङ भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत चुडालले चिनियाँ टोली नाकासम्म पुग्ने सडक सञ्जालसँगै नाकाको अवस्था र नेपाली पक्षको समस्या के छ भन्नेबारे जानकारी लिएर फर्किएको बताए । 'हाल वैकल्पिक रूपमा मात्रै प्रयोग भइरहेको नाकालाई पूर्ण रूपमा सञ्चालन गर्न के-के गर्न आवश्यक छ ? नेपाली पक्षका समस्या के-के छन् ? चीनले के सहयोग गर्न सक्छ ? भन्नेबारे चिनियाँ पक्षले चासोसँगै आवश्यक जानकारी लिएको छ,' उनले भने । आफूहरूले भवनसँगै आवश्यक भौतिक पूर्वाधार, सडक सञ्जाल र नाका खुल्ने समय बढाउनुपर्नेलगायतका विषय चिनियाँ टोलीलाई जानकारी गराएको उनले बताए । हाल नाका दुईपटक नेपाली समयअनुसार बिहान करिब ८:३० देखि १०:३० र दिउँसो करिब १३:३० देखि १५:३० गरी दैनिक करिब चार घण्टा मात्र खुल्दै आएकाले समय बढाउन माग गरेको चुडालले जानकारी दिए ।

नेपाली पक्षको कुरा सुनेपछि चिनियाँ टोलीले नेपालतर्फको नाकालाई व्यवस्थित बनाउन आवश्यक सहयोग गर्न तयार रहेको बताएर फर्किएको चुडालले जानकारी दिए । चुडालका अनुसार चिनियाँ टोली नाकालाई नेपाल र चीन दुई देशको मात्र नभएर अन्तर्राष्ट्रिय नाकाका रूपमा कसरी विकास गर्ने भन्ने विषयमा केन्द्रित रहेको थियो । हाल

बाँकी पृष्ठ २ मा

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १३८

**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल**

भदौ २३ गते बिहानदेखि नै उपत्यकामा भिड तिव्रतापूर्वक बढ्दै जाँदा स.प्र.अ.म.नि. पौडेल सशस्त्र प्रहरी प्रधानकार्यालय कार्यविभाग प्रमुखको हैसियतमा व्यवस्थापकीय समन्वयमा सीमित रहेको उल्लेख गर्छन् । फिल्डमा खटिएका सशस्त्र प्रहरी अधिकृतहरूलाई स्थानीय निकायसँग समन्वय गरी न्यूनतम बल प्रयोग गर्न निर्देशन दिएको उनको जिकिर छ । उनको भनाइमा सशस्त्र प्रहरीबाट १९ राउन्ड हवाई फायर मात्र भएको भन्ने छ । तर, पोस्टमार्टम रिपोर्ट र घाइतेहरूले दिएको बयानबाट त्यस घटनामा ठुलो सङ्ख्यामा प्रदर्शनकारीहरू हताहत भई सयौँ व्यक्ति सुरक्षाकर्मीको गोली लागेर घाइते भएको स्पष्ट देखिन्छ । त्यसकारण, स.प्र.अ.म.नि. पौडेलको भनाइ तथ्यपरक देखिँदैन ।

स.प्र.अ.म.नि. पौडेल सशस्त्र प्रहरी बल नेपाल प्रधानकार्यालयको कार्यविभाग प्रमुख (Operation Chief) जस्तो महत्त्वपूर्ण जिम्मेवारीमा थिए । निज पौडेलले भदौ २३ गते सङ्घीय संसद् भवन परिसर वरपर दिउँसोको करिब १२:०० बजेदेखि प्रदर्शनकारी र सुरक्षा बलबिच भएको झडप र ४ घण्टासम्म अत्यधिक बल प्रयोग भई हताहतको सङ्ख्या अत्यधिक हुँदा पनि त्यसलाई रोक्न आवश्यक भूमिका खेलेको देखिएन । घटनाको तनावलाई कम गरी स्थितिलाई नियन्त्रणमा लिन र गोली प्रहार (Cease fire) रोक्न डिउटीमा खटिएका सशस्त्र प्रहरी बलका अधिकृत जवानहरूलाई कुनै निर्देशन दिएको देखिँदैन ।

शस्त्र प्रहरी बल हतियारबाट सुसज्जित सङ्गठन भएकोले हतियार कुन कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरू स्पष्ट हुने गरी Rules of Engagement (ROE) बनाई Scenario based तालिम दिइनु र Mock drill गर्नु अत्यावश्यक हुन्छ । ROE बिना फिल्डको कमाण्डर द्विविधामा हुने हुँदा बल प्रयोग गर्न असहज हुन सक्छ । मातहत जवान र अधिकृतहरूसमेत भ्रममा पर्न सक्छन् । सुरक्षा संयन्त्रमा chain of command भत्किन गई एकले अर्कालाई आरोप-प्रत्यारोप लगाउने कार्य हुन सक्छ । ROE ले बल प्रयोगको आवश्यकता (necessity), अनुपातिकता (proportionality) र बल प्रयोगलाई अन्तिम उपायका रूपमा कसरी प्रयोग गर्ने भनी निश्चित मापदण्ड तयार गर्छ र प्रयोगका अवस्थाहरू (stages) निर्धारण गर्दछ । यसले अनावश्यक रूपबाट बल प्रयोग हुनबाट बचाई मृतक र घाइतेहरूको सङ्ख्या घटाउनमा मद्दत पुग्दछ भने मानव अधिकार उल्लङ्घनको आरोपबाट पनि सशस्त्र प्रहरी कर्मचारीहरूलाई बचाउन सहयोग गर्छ ।

सशस्त्र प्रहरी बल प्रधानकार्यालय कार्यविभागका प्रमुख भई कार्यरत रहेका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको यति महत्त्वपूर्ण तथा जिम्मेवारीपूर्ण पद सम्हालेका अधिकारीले ROE को व्यवस्था लागु गर्न आवश्यक पहल गरेको देखिएन । सो नगरेको कारणबाट फिल्डमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरूमा व्यवसायिकताको कमी र स्पष्ट निर्देशनको अभाव देखियो । जसको कारण भदौ २३ गतेको घटनामा जथाभावी बल प्रयोग भई हताहत र घाइतेहरूको सङ्ख्या बढेको देखिन्छ ।

भदौ २४ गते सशस्त्र प्रहरी बलले नेपाल प्रहरीलाई कुनै सहयोग नगरेको भनी प्रहरी अधिकृतहरूले आयोगसमक्ष गरेको बयानबाट पनि प्रस्ट हुन्छ । निजको Command मा रहेको उपत्यकाभित्रको सशस्त्र प्रहरीहरूलाई नेपाल प्रहरीलाई सहयोग र समन्वय गर्न निजले स्पष्ट निर्देशन दिएको देखिएन ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०१ गते**
**पुनः प्रकाशित मितिः २०८३/०६/२१ गते**

भक्तपुर नगरपालिकाबाट सञ्चालन गरिने आदर निकेतन (वृद्धाश्रम) को लागि १६ सीट क्षमताको Electric Van गाडी १ थान खरीद गर्ने मिति २०८३/०५/०१ गते गोरखापत्र दैनिकमा बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार सन्तोषजनक रूपमा बोलपत्र पर्न नआएको हुँदा पुनः बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्रसम्बन्धी फारम भ.न.पा.को *website: https://www.bhaktapurmun.gov.np* बाट डाउनलोड गरी Hard Copy मार्फत ७ (सात) दिनभित्र बोलपत्र पेस गर्नुहुन सूचित गराइन्छ ।

**कार्यालयको विवरण**

**बैङ्कको नाम, ठेगाना** : नेपाल बैङ्क लि. भक्तपुर
**खाता नम्बर, प्रकार** : धरौटी खाता नं. ०१९०३०००००३००००००००३
: राजस्व खाता नं. ०१९०३००००१००१०००००३
**राजस्व शीर्षक नं.** : १४२२९
**कोड नं.** : ८०१०३३३०२

**तपसिल**

| ठेक्का नं. | विवरण | जमानत / धरौटी रकम रू. | बोलपत्र दर्ता गर्ने अन्तिम मिति / समय | खोल्ने मिति / समय |
|---|---|---|---|---|
| Bktmun/Goods/NCB-03/083.84 | सवारी साधन Electric Vehicle (EV-VAN) seating capacity of 16-passengers - 1pcs खरिद कार्य | २,३०,०००।०० | २०८३/०६/२८, १२:०० बजेसम्म | २०८३/०६/२८, ०१:३० बजेसम्म |



**फड्के तरेर रसुवातर्फ जाँदै रसुवावासी**

नुवाकोट र रसुवा जोड्न बेत्रावतीस्थित फलाखु खोलामा बनाइएको फड्के तरेर रसुवातर्फ जाँदै रसुवाका स्थानीयवासी । रसुवावासीलाई बाहिरी जिल्लासँग जोड्ने बेत्रावतीको दुईवटा पक्की पुल भोटेकोसी बाढीले बगाएपछि अहिले रसुवा-नुवाकोटको आउजाउ यहीँ फड्केमार्फत गरिँदै आएको छ ।

*तस्बिर: रामहरि न्यौपाने/रासस*

# अध्ययनले शैक्षिक, बौद्धिक तथा चेतनाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ




भक्तपुर, २० असोज । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा चिठी, कथा, निबन्ध तथा कविता वाचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले मजदुरहरूले आफ्नो कामसँगै अध्ययनलाई पनि निरन्तरता दिई विभिन्न विषय तथा क्षेत्रको ज्ञान हासिल गर्नुपर्नेमा जोड दिनुभयो । अध्ययनले मानिसको शैक्षिक, बौद्धिक तथा चेतनाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो ।

उहाँले साहित्यले समाजका विकृति, विसङ्गति र अन्यायबारे उजागर गर्दै जनचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो । साहित्यले श्रमिक तथा सर्वसाधारण जनताको सांस्कृतिक स्तर उकास्न महत्त्वपूर्ण योगदान दिने उहाँको भनाइ थियो । आफूले भोगेका र देखेका विषयलाई साहित्यका माध्यमबाट अभिव्यक्त गर्दै जीवन्त र जनमुखी सिर्जना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले वर्गीय दृष्टिकोण र वैज्ञानिक विचारधारालाई आत्मसात् गर्दै समाज परिवर्तनका लागि अघि बढ्नुपर्ने बताउनुभयो । पुँजीवादी व्यवस्थामा जनताको श्रमको उचित मूल्याङ्कन नहुने उल्लेख गर्दै उहाँले जनताको सचेत र सङ्गठित प्रयासबाट मात्रै सामाजिक परिवर्तन सम्भव हुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले विगतमा जनताले विभिन्न आन्दोलनमार्फत परिवर्तनका लागि सङ्घर्ष गरे पनि अहिले पनि समाजमा पुँजीवादी र साम्राज्यवादी प्रवृत्तिको समस्या देखिएको बताउनुभयो । यस्ता प्रवृत्तिविरुद्ध सचेत रहँदै जनताको पक्षमा निरन्तर आवाज उठाउनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा ई. राजेन्द्र हाडाले विगतका भोगाइ र अनुभवहरू सुनाउनुभयो ।

कार्यक्रमको सभापतित्व नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला अध्यक्ष विष्णुराम दुमरुले गर्नुभएको थियो ।

कार्यक्रममा सङ्घका विक्रम ढुकुछु, रामकृष्ण बखुन्छेँ, पञ्चरत्न सैंजु, कपिल दुवाल र राजेश वाङायोलगायतले कविता वाचन गर्नुभएको थियो ।

कार्यक्रममा सङ्घका सचिव रमेश दुमरुले पनि बोल्नुभएको थियो ।

# पठन संस्कृतिको विकास गर्न 'महानगर पुस्तकालय' को अवधारणा

काठमाडौँ, २० असोज । काठमाडौँ महानगरपालिकाले पठन संस्कृतिलाई थप विकास गर्न 'महानगर पुस्तकालय' सञ्चालन गर्न लागेको छ ।

महानगरले धर्मपथमा रहेको यैँ दे सांस्कृतिक छेँमा पुस्तकालय सञ्चालन गर्न लागेको हो ।

महानगरपालिकाको कार्यवाहक प्रमुख सुनिता डङ्गोलले 'पठन संस्कार' बढाउन सुविधासम्पन्न पुस्तकालय बनाउने योजना निकट भविष्यमै अघि बढाउन लागेको जानकारी दिनुभयो ।

कार्यवाहक प्रमुख सुनिता डङ्गोलले भन्नुभयो, "नगरको आफ्नै सङ्ग्रहालय र पुस्तकालय हुनुपर्छ । यसले नगरको छवि उच्च बनाउँछ । हामीले अत्याधुनिक, सुविधासम्पन्न र पहुँचयुक्त पुस्तकालय सञ्चालन गर्न चाहेका छौँ ।"

पठन संस्कृतिलाई सहरी जीवनशैलीको अभिन्न अङ्ग बनाउन केन्द्रीय पुस्तकालय, वडा र समुदायस्तरका पुस्तकालय निर्माण तथा सञ्चालन गर्न लागेको जनाउँदै उहाँले महानगरले बुक एटीएमसम्मको योजनामा अघि बढाउने बताउनुभयो ।

महानगरपालिका शिक्षा विभागका प्रमुख नमराज ढकालले पुस्तकालय सञ्चालन गर्न हाल पूर्वाधार र व्यवस्थापकीय काम गरिरहेको जानकारी दिनुभयो ।

प्रमुख ढकालले भन्नुभयो, "पुस्तकालयलाई पुस्तक राख्ने र पढ्ने स्थानमा मात्र सीमित नराखी ज्ञान, नवप्रवर्तन, सामुदायिक सिकाइस्थल, सांस्कृतिक सम्पदा अभिलेखालय, डिजिटल सिकाइ, अनुसन्धान र सूचना केन्द्रका रूपमा विकास गर्ने अवधारणा कार्यान्वयन गर्न लागिएको हो ।"

महानगरपालिकाले विद्यालयमा आधारित सामुदायिक पुस्तकालयलाई संस्थागत पुस्तकालयसँग जोडेर एकीकृत सञ्जालका रूपमा सञ्चालन गर्ने योजनासमेत अघि सारेको छ ।

नागरिकले एउटै महानगरीय पुस्तकालय कार्डमार्फत पुस्तक लिन सक्ने, अध्ययन कक्ष, इन्टरनेट तथा विभिन्न सामुदायिक कार्यक्रमको सुविधा लिन सक्ने अवधारणा अघि सारिएको छ ।

पुस्तकालयमा बालबालिका, विद्यार्थी, शिक्षक, ज्येष्ठ नागरिकलगायत विभिन्न समूहलाई लक्षित सदस्यता प्रदान गरिनेछ ।

पुस्तकालयमा जर्नल, पत्रपत्रिका, अडियो बुक र भिडियोसहितको डिजिटल सुविधा उपलब्ध गराइनेछ । भौतिक रूपमा पढ्न आउनेलाई नेवारी फल्चा शैलीको बस्ने ठाउँमा पलेटी कसेर पढ्ने वातावरण मिलाइनेछ । डिजिटल पुस्तकालयमा चौबीसै घण्टा पहुँचको व्यवस्था गर्ने अवधारणा छ ।

पुस्तकालयलाई समुदायसँग जोड्न मासिक पुस्तक संवाद तथा लेखकसँग भेटघाट, त्रैमासिक पठन महोत्सव र अनुसन्धानसम्बन्धी कार्यक्रम तथा वार्षिक रूपमा 'काठमाडौँ बुक वीक', पठन म्याराथन र पुरस्कारलगायतका कार्यक्रम सञ्चालनको योजना छ । बालबालिका, युवा र ज्येष्ठ नागरिकलाई लक्षित छुट्टाछुट्टै पठन तथा ज्ञानमूलक कार्यक्रम सञ्चालन हुनेछन् ।

त्यस्तै, पुस्तकालयलाई काठमाडौँको इतिहास, संस्कृति र सामुदायिक स्मृतिको संरक्षण गर्ने केन्द्रका रूपमा विकास गरिने महानगरपालिकाले जनाएको छ । ***रासस***

# एकसय १२ रोपनी जग्गा सरकारको नाममा दाखिला

काठमाडौँ, २० असोज । काठमाडौँ महानगरपालिका-४ को ११२ रोपनी जग्गा नेपाल सरकारको नाममा दाखिला गरिएको छ ।

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने क्रममा उक्त जमिन सरकारको नाममा आएको हो ।

रावल आयोगको प्रतिवेदनमा सरकारी तथा सार्वजनिक जग्गाका सरकारको नाममा कायम गर्ने निर्णयअनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले सरकारको नाममा जग्गा दाखिला गर्ने कार्य सम्पन्न गरेको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गठन गरेको प्रतिवेदन कार्यान्वयन समितिले प्रतिवेदनका आधारमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको उल्लेख गरिएका कित्ताबाट अतिक्रमित भनिएको क्षेत्रफल एकमुष्ट कट्टा गरी नेपाल सरकारको नाममा ल्याउने कार्य सुरु गरेको मन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको हो ।

प्रतिवेदन कार्यान्वयनका लागि प्रमुख नापी अधिकृत रमेश ज्ञवालीको संयोजकत्वमा समिति गठन गरिएको छ ।

समितिमा गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव, सम्बन्धित भूमिप्रशासन तथा नापी कार्यालयका प्रमुख, स्थानीय तह समन्वय शाखा प्रमुख, भूमि व्यवस्थापन तथा अभिलेख विभागका शाखा अधिकृत तथा नापी विभागका नापी अधिकृत सदस्यसचिव रहेका छन् ।

रावल आयोगले २०५२ सालमा सरकारी तथा सार्वजनिक जग्गाको अवस्था अध्ययन गरी अतिक्रमित तथा व्यक्तिका नाममा दर्ता भएका सरकारी एवं सार्वजनिक जग्गा संरक्षण गर्न सुझावसहित प्रतिवेदन दिएको थियो ।

सोही प्रतिवेदनलाई मन्त्रालयले लामो समयपछि कार्यान्वयनमा ल्याउँदै सरकारी तथा सार्वजनिक जग्गा सरकारको नाममा ल्याउने कार्य सुरु गरेको हो ।

सरकारले रावल आयोगले औँल्याएको सम्पूर्ण जग्गा छानबिन गरी सरकारको नाममा ल्याउने कार्य सुरु गरिसकेको छ । ***रासस***

# बासस्थान मासिँदै जाँदा दुर्लभ बन्दै कछुवा

सुनसरी, २० असोज । नदी, पोखरी, तालतलैया, सिमसार तथा चुरे क्षेत्रका खोल्सामा सहजै देखिने कछुवा पछिल्लो समय प्राकृतिक बासस्थान मासिँदै जाँदा दुर्लभ बन्दै गएको छ । पानीका स्रोत तथा सिमसार अतिक्रमण, अवैध सिकार तथा जल प्रदूषणका कारण कछुवाको सङ्ख्या घट्दै गएको संरक्षणकर्मीको भनाइ छ ।

कछुवा तथा सरिसृपसम्बन्धी विषयमा विद्यावारिधि गरिरहनुभएका अनुसन्धानकर्ता अस्मित सुब्बाले कछुवा संरक्षणलाई एउटा जीव वा प्रजाति बचाउने विषयका रूपमा मात्र लिन नहुने बताउनुभयो । कछुवा बाँच्ने पानी, नदी किनार, अण्डा पार्ने बालुवा वा माटो, घाम ताप्ने स्थान, आहारा तथा आसपासको हरियाली जोगाउनसके मात्र संरक्षण प्रभावकारी हुने उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "कछुवा संरक्षणका लागि त्यसको बासस्थानसँग जोडिएको पानी, जमिन र हरियालीलाई संरक्षण गर्नु आवश्यक छ । सरिसृप वर्गमा पर्ने कछुवाका लागि पानीसँगै सुरक्षित नदीकिनार, अण्डा पार्ने स्थान, घाम ताप्ने ठाउँ, आहारा र प्राकृतिक वनस्पति आवश्यक पर्छ ।"

कतिपय कछुवाका प्रजाति पानीमा बढी समय बिताए पनि प्रजननका क्रममा नदी किनारका सुरक्षित स्थान खोज्ने गर्छन् । प्राकृतिक पोखरी तथा जलाशय मासिँदै जानु, सिमसार पुरिनु, नदी किनारमा अव्यवस्थित संरचना निर्माण हुनु तथा आसपासका वनस्पति हटाइनुले कछुवाको प्रजनन र जीवनचक्रमा असर गर्ने सुब्बाको भनाइ छ ।

सिमसारले वर्षाको पानी सञ्चय गर्ने, जमिनमुनिको पानी पुन भरण गर्ने, बाढीको प्रभाव घटाउने तथा विभिन्न जीवजन्तु र वनस्पतिलाई बासस्थान उपलब्ध गराउने भएकाले कछुवा संरक्षणलाई सिमसार संरक्षणसँगै अघि बढाउनुपर्ने उहाँको भनाइ छ ।

पूर्वी नेपालमा पाइने नरम खबटे कछुवाका केही प्रजाति गहिरो नदी, जलाशय तथा सिमसारमा निर्भर हुने भएकाले बासस्थानमा हुने परिवर्तनबाट बढी प्रभावित हुने गरेका छन् । नदी तथा सिमसारमा विष वा करेन्ट प्रयोग गरेर माछा मार्दा कछुवासहित अन्य जलचर प्रभावित हुने गरेका छन् ।

माछा मार्ने क्रममा जाल तथा बल्छीमा परेका कछुवा घाइते हुने, निसासिने वा मर्ने जोखिम गरेको अनुसन्धानकर्ता सुब्बाले जानकारी दिनुभयो ।

ठूलो बासस्थान ससाना क्षेत्रमा विभाजन हुँदा आहारा खोज्न, प्रजनन गर्न र सुरक्षित स्थानमा पुग्न कछुवालाई कठिन हुने तथा सडक पार गर्ने क्रममा सवारीसाधनको चपेटामा पर्ने उत्तिकै जोखिम छ । उहाँले भन्नुभयो, "यो ढिलो बढ्ने र वयस्क अवस्थामा पुग्न लामो समय लाग्ने भएकाले सङ्ख्या घट्दै गए पुरानै अवस्थामा फर्किन पनि समय लाग्छ ।"

पूर्वी तराईको चारकोसे झाडी क्षेत्रमा बस्ती विस्तार, कृषि, सडक तथा अन्य पूर्वाधार विस्तार हुँदा प्राकृतिक जीवन खण्डित भएको छ । वनसँग जोडिएका पोखरी, खोल्सा, नदीकिनार र सिमसारमा हुने परिवर्तनले त्यहाँ आश्रित जलचर तथा वन्यजन्तुलाई असर पारेको छ ।

सरिसृप तथा उभयचरसम्बन्धी विषयमा विद्यावारिधि गर्नु भएका प्राध्यापक डा. कालुराम खुम्बुले कछुवा संरक्षणलाई एउटा प्रजातिमा मात्र सीमित नगरी समग्र बासस्थान संरक्षणका रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । "कछुवाको अवस्था बुझ्न अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा बासस्थानको नियमित अध्ययन आवश्यक छ," उहाँले भन्नुभयो ।

कछुवाका विभिन्न प्रजातिले वनस्पति, कीरा, माछा तथा अन्य जैविक पदार्थ खाने भएकाले खाद्य शृङ्खलामासमेत भूमिका खेल्ने प्राध्यापक खुम्बुको भनाइ छ । गाउँका पोखरी, खेती नजिकका जलाशय, नदी किनार र सिमसार संरक्षण गर्नसके कछुवाको बासस्थान जोगाउन सकिने उहाँले बताउनुभयो ।

स्थानीयले कछुवाका अण्डा तथा बच्चा सङ्कलन नगर्ने, अवैध सिकार तथा व्यापार रोक्न सहयोग गर्नु आवश्यक छ । यस्तै, विष र करेन्ट प्रयोग गरी माछा मार्ने कार्यलाई पूर्ण रूपमा नियन्त्रण गर्नुपर्नेमा जोड दिँदै उहाँले प्राकृतिक पोखरी र सिमसार पुर्ने कार्य रोक्नसके कछुवा संरक्षणमा महत्त्वपूर्ण सहयोग पुग्ने बताउनुभयो ।

कछुवाको शरीरलाई कडा खपटाले ढाकेको हुन्छ । यो पानी वा जमिनमा बस्ने गर्छ । यसको आकार, आहार तथा जीवनशैली पनि फरकफरक हुने यसका जानकारहरूको भनाइ छ । ***रासस***

**चीनको...**

चीनतर्फ नाकामा आवश्यक सम्पूर्ण भौतिक पूर्वाधार निर्माण भइसके पनि नेपालतर्फ खाली चौर मात्र छ । आवश्यक पूर्वाधार नभएका कारण नेपालको भन्सार कार्यालय नाकादेखि १३ किलोमिटर नेपालपट्टिको दूरीमा रहेको उनले बताए । लोमान्थाङ गाउँपालिका अध्यक्ष टसी न्हर्वु गुरुङले दुई पक्षको भेटलाई महत्त्वपूर्ण रूपमा लिएको बताए । नाकालाई पूर्ण रूपमा सञ्चालन गर्न सके धेरै फाइदा हुने उनको भनाइ छ ।

*साभार - नयाँ पत्रिका २०८३/६/१९*

## सङ्क्षिप्त समाचार

# राजदूत संसदीय सुनुवाइ असोज २६ देखि २८ गतेसम्म

काठमाडौँ, २० असोज । सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिले प्रस्तावित राजदूतहरूको संसदीय सुनुवाइ यही असोज २६, २७ र २८ गते गर्ने भएको छ ।

समितिको मङ्गलबार बसेको बैठकमा सभापति बोधनारायण श्रेष्ठले असोज २६ र २७ गते सामान्य प्रकृतिका उजुरी वा सुझाव परेका प्रस्तावित राजदूतहरूको सुनुवाइ गर्ने गरी तयारी भइरहेको जानकारी दिनुभयो ।

बाँकी गम्भीर प्रकृतिका उजुरी परेका प्रस्तावित राजदूतहरूको सुनुवाइ असोज २८ गते गर्ने तयारी भइरहेको जानकारी दिँदै उपसमिति बनाउनुपर्ने खालका भए दसैँपछि सुनुवाइ हुने जानकारी दिनुभयो ।

उहाँले केही उजुरी सामान्य प्रकृतिका रहेको र केही उजुरीका सम्बन्धमा समितिले छुट्टै अध्ययन आवश्यक पर्ने अवस्था रहेको बताउनुभयो । जटिल प्रकृतिका उजुरी आएमा त्यस्ता विषयलाई छुट्टै अध्ययनका लागि राखेर अन्य सुनुवाइ अघि बढाउन सकिने उहाँको भनाइ थियो ।

सभापति श्रेष्ठले समितिका सदस्यहरूलाई बिदाको समयमा समेत प्रस्तावित राजदूतसम्बन्धी विषय अध्ययन गर्न आग्रह गर्नुभयो ।

उहाँले प्रस्तावित राजदूतविरुद्ध प्राप्त उजुरी र उहाँहरूले पेस गरेको कार्ययोजनासम्बन्धी विवरण अध्ययनका लागि समितिका सदस्यहरूलाई उपलब्ध गराइसकिएको जानकारी दिनुभयो । *रासस*

# दसैँका लागि असोज २३ देखि टिकट बुकिङ खुला

काठमाडौँ, २० असोज । यस वर्षको दसैँमा घर जाने यात्रुका लागि यही असोज २३ गतेबाट टिकट बुकिङ खुला गरिएको छ ।

यातायात व्यवस्था विभागमा मङ्गलबार नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौला, विभागका महानिर्देशक राजीव पोखरेल सहितका पदाधिकारीसहित बसेको बैठकले सो निर्णय गरेको हो ।

बैठकपश्चात् महानिर्देशक पोखरेलले दसैँमा यात्रुको सहज, सुरक्षित र व्यवस्थित आवागमन सुनिश्चित गर्न असोज २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गरिने जानकारी दिनुभएको छ ।

उहाँले मङ्गलबार सञ्चारकर्मीसँग कुरा गर्दै दसैँका लागि यातायात व्यवस्थापनको आवश्यक तयारी भइरहेको जानकारी गराउनुभयो ।

दसैँको समयमा राजधानीबाट विभिन्न जिल्लातर्फ जाने यात्रुको चाप बढ्ने भएकाले अग्रिम टिकट बुकिङ, सवारीसाधनको व्यवस्थापन तथा यात्रु सेवासम्बन्धी तयारीलाई प्राथमिकता दिइएको विभागले जनाएको छ ।

महानिर्देशक पोखरेलका अनुसार यात्रुलाई सहज रूपमा गन्तव्यसम्म पुग्ने वातावरण बनाउन सम्बन्धित निकाय, यातायात व्यवसायी तथा सुरक्षा निकायसँग आवश्यक समन्वय भइरहेको छ ।

यात्रुको चापलाई मध्यनजर गर्दै यातायात सेवा व्यवस्थित र सुरक्षित बनाउन आवश्यक व्यवस्था मिलाइने उहाँले बताउनुभयो ।

दसैँमा यात्रुलाई अनावश्यक दुःख नहोस्, टिकट पाउन समस्या नहोस् र सुरक्षित रूपमा यात्रा गर्न सकून् भन्ने उद्देश्यले अग्रिम टिकट बुकिङ तथा यातायात व्यवस्थापनको तयारी अघि बढाइएको विभागले जनाएको छ । *रासस*

# सुन्तलामा रोग लागेपछि किसान चिन्तामा

भोजपुर, २० असोज । सुन्तलाको बगानमा फल झर्ने र विभिन्न रोगको प्रकोप देखिएपछि भोजपुरका किसान चिन्तित भएका छन् । सुन्तलाका दाना परिपक्व नहुँदै भेट्नो कुहिएर खस्न थालेपछि वर्षभरिको मेहनत र लगानी खेर जाने भन्दै किसान पिरोलिएका हुन् ।

सुन्तला पहेँलो हुने र आफैँ भुईँमा खस्ने रोग फैलिएको भोजपुर नगरपालिका-३ गुप्तेश्वरका किसान तीर्थबहादुर प्रधानले बताउनुभयो । फल लाग्ने समयमा परेको असिनापानीबाट जोगिएको सुन्तलामा अहिले फल झर्ने समस्या देखिएको उहाँको भनाइ छ ।

प्रधानका अनुसार बगानमा अहिले फल झर्नेबाहेक हाँगा सुक्ने, पातमा सेतो ढुसी देखिने, पात कुप्रिने र बोट नै पहेँलो हुँदै जाने समस्या देखिएका छन् ।

उहाँले भन्नुभयो, "पछिल्लो समय अनौठो रोग देखिन थालेको छ । यो वर्ष त झन् फल पहेँलो भएर झर्ने समस्याले व्यावसायिक खेती गरिरहेका हामी सबै किसानलाई ठुलो समस्यामा पारेको छ ।" उहाँले करिब ४२ रोपनीमा सुन्तलाखेती विस्तार गरेको सुनाउनुभयो ।

टेम्केमैयुङ गाउँपालिका-५ खावा केराबारीका किसान देवराज राईले विगत केही वर्षदेखि फल झर्ने, हाँगा सुक्ने, ढुसी लाग्ने र पात बेरिने समस्या निरन्तर दोहोरिरहेको बताउनुभयो । करिब १५ रोपनीमा सुन्तलाखेती गरेर वार्षिक रु. पाँच लाखसम्म आम्दानी गर्दै आउनुभएका राईले रोगका कारण उत्पादन घट्दै गएको जानकारी दिनुभयो ।

भोजपुर नगरपालिका-६ का किसान भीमराज विष्टले सुन्तलाका फल बोटमै फुट्न थालेको बताउनुभयो । समयमै यसको रोकथाम र नियन्त्रण हुन नसके पूरै बगान नै सखाप हुने स्थिति आएको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

सुन्तला बगानमा यस्तो रोगको प्रकोप देखिएकाले कृषि प्राविधिक तथा सम्बन्धित निकायले तत्काल ध्यान दिनुपर्ने स्थानीय किसानको माग छ ।

*रासस*



**ढक्कमक्क फुलेको सयपत्री**

दाङको घोराही उपमहानगरपालिका-१४ स्थित झिङौरामा लोकेन्द्र मगरको जलजला पुष्पखेती तथा नर्सरीमा ढक्मक्क फुलेको सयपत्री फूल । उहाँले विगत १० वर्षदेखि व्यावसायिक रूपमा फूलखेती गर्दै आउनुभएको छ । *तस्विरः कुलदीप न्यौपाने/रासस*

# बाटो सहज भएपछि घान्द्रुक जाने पर्यटक बढ्दै

पोखरा, २० असोज । कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नम्बर १० र ११ पर्ने पर्यटकीय गाउँ घान्द्रुक पुग्ने बाटो सहज भएसँगै पर्यटकको सङ्ख्या बढ्न थालेको छ । बाढीपहिरोका कारण अवरुद्ध भएको बिरेठाँटी-घान्द्रुक सडक सञ्चालनमा आएसँगै पर्यटकहरू घान्द्रुक पुग्न थालेका हुन् ।

बाटो सहज भएसँगै गाउँमा पर्यटकको चहलपहल सुरु हुन थालेको घान्द्रुकस्थित निर्मल भिल्लाकी प्रबन्ध निर्देशक स्नेहा गुरुङले जानकारी दिनुभयो । बाढिपहिरोले बाटो अवरुद्ध हुँदा शून्य अवस्थामा पुगेको घान्द्रुकको पर्यटन व्यवसाय अब चलयमान हुने आशा जागेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "चाडपर्वसँगै पर्यटकको सिजन पनि सुरु भयो । बाटो पनि सहज भएको छ । असार, साउन र भदौमा पर्यटक शून्य नै थियो । अहिले बिस्तारै आउन सुरु गर्नु भएको छ । अब केही हुन्छ कि भन्ने आशा पलाएको छ ।"

होटल रक एण्ड मुडका सञ्चालक तथा रोधी क्लब घान्द्रुकका अध्यक्ष लक्षिण गुरुङले घान्द्रुक पुग्ने बाटो सहज बनेको सन्देश फैलाउन जरुरी रहेको बताउनुभयो ।

निरन्तरको वर्षाले विभिन्न स्थानमा खसेको पहिरो पन्छाएर बाटो सहज बनाएपछि पर्यटक घान्द्रुक पुग्न थाले पनि सोचेअनुरूप नभएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "साउन भदौमा जस्तो पाहुना आउँदै नआएको त हैन । तर, अझै पर्याप्त छैन । मेरो होटलमा ४५ जनासम्म राख्न सक्छु । यो समयमा अघिल्ला वर्षहरूमा भरिभराउ हुन्थ्यो तर यो पटक दैनिक पाँच सात जना मात्र आउनुभएको छ ।"

बाटोसँगै मौसम खुलेपछि घान्द्रुकको पर्यटन व्यवसाय बिस्तारै चलयमान हुँदै गएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले बताउनुभयो । अहिले दैनिक रूपमा दुई देखि तीन सय पर्यटक घान्द्रुक पुग्ने गरेको उहाँले जानकारी दिनुभयो ।

अध्यक्ष गुरुङ पनि घान्द्रुकको बाटो सहज भएको सन्देश सबैसामु पुऱ्याउनुपर्ने बताउनुहुन्छ ।

अध्यक्ष गुरुङका अनुसार पर्यटकीय गाउँ घान्द्रुकमा एक दिनमा दुई हजार पाँच सय पाहुना राख्न सकिन्छ । पाहुना धेरै भएको खण्डमा गाउँकै घरहरूमा पनि व्यवस्थापन गर्न सकिने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "घान्द्रुकमा अहिले होटल ९५ वटा र ४५ वटा होमस्टे छन् । यी होटल तथा होमस्टेमा एक दिनमा दुई हजार पाँच सय पाहुना राख्न सकिन्छ । पाहुना धेरै भएको खण्डमा व्यक्तिगत घरमा पनि व्यवस्थापन गर्न सकिन्छ । गाउँ आएको पाहुना फर्काउन नपरोस् भन्ने हाम्रो मान्यता छ ।" *रासस*

# मधेसको शिक्षा नीतिमा परिवर्तन अपरिहार्य

सिमरा (बारा), २० असोज । मधेस प्रदेशको शिक्षा क्षेत्रको गुणस्तर सुधार अपरिहार्य रहेको धारणा व्यक्त गरिएको छ ।

युनेस्को नेपालको सहकार्यमा शिक्षा तथा खेलकुद मन्त्रालयले सिमरामा आयोजना गरेको दुईदिने उच्चस्तरीय संवादमा सहभागी वक्ताले सो धारणा व्यक्त गर्नुभएको हो ।

उहाँहरूले शिक्षालाई समयसापेक्ष, व्यवहारिक, सीपमूलक र जीवनोपयोगी बनाउनुपर्नेमा जोड दिनुभएको हो ।

कार्यक्रममा मधेसको आधारभूत शिक्षा सुधार नगरी उच्च शिक्षाको गुणस्तर सुधार गर्न नसकिने भन्दै विद्यालय शिक्षादेखि विश्वविद्यालय तहसम्मै सुधारको आवश्यकता औँल्याइएका थिए । वक्ताहरूले सीप, ज्ञान, अनुसन्धान तथा नवप्रवर्तनमा आधारित शिक्षालाई प्राथमिकता दिनुपर्ने बताएका हुन ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चूडामणि पौडेलले मुलुकको समग्र शिक्षा सुधारका लागि मन्त्रालयले नीतिगत सुधारलाई उच्च प्राथमिकता दिएको बताउनुभयो ।

मधेस प्रदेशको शिक्षामा देखिएका कमजोरी हटाएर गुणस्तरीय शैक्षिक वातावरण निर्माण गर्न शिक्षा ऐनमा व्यापक संशोधनको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

सचिव पौडेलले भन्नुभयो, "म पनि मधेसकै शिक्षकबाट पढेको हुँ, तर अहिलेको मधेसको शिक्षा हेर्दा अचम्म लाग्छ । अहिले किन खस्केको हो ? कारण अहिलेसम्म स्पष्ट हुन सकेको छैन । शैक्षिक बहस आवश्यक छ ।"

शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले मधेस प्रदेशमा साक्षरता अभिवृद्धि तथा शिक्षा सुधारका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो ।

शिक्षा सुधारलाई कुनै एउटा तहको सरकारको मात्र जिम्मेवारीका रूपमा लिन नहुने भन्दै उहाँले तीनै तहका सरकार र अन्य सरोकारवालाबिच सहकार्य आवश्यक रहेको बताउनुभयो ।

संवादमा सहभागी वक्ताले बदलिँदो समयअनुसार शिक्षण प्रणालीमा समेत परिवर्तन आवश्यक रहेको धारणा राखेका छन् ।

डिजिटल साक्षरतालाई प्राथमिकता दिँदै कृत्रिम बुद्धिमत्ता (एआई) लगायत नयाँ प्रविधिलाई शिक्षामा उपयोग गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् ।

त्यसैगरी, शिक्षा र रोजगारीबिचको सम्बन्ध बलियो बनाउन सीपमूलक शिक्षालाई प्राथमिकता दिनुपर्ने तथा उच्च शिक्षालाई अनुसन्धान, नवप्रवर्तन र श्रम बजारको आवश्यकतासँग जोड्नुपर्नेमा समेत जोड दिइएको छ ।

कार्यक्रममा राष्ट्रिय योग्यता प्रारूपका विषयमा पनि छलफल भएको छ ।

औपचारिक, अनौपचारिक तथा सीप शिक्षाबाट प्राप्त ज्ञान र सीपलाई मान्यता दिने, एक प्रकारको शिक्षाबाट अर्को प्रकारको शिक्षामा रूपान्तरण तथा गतिशीलताको अवसर प्रदान गर्ने र क्रेडिट सञ्चय तथा स्थानान्तरणको व्यवस्था गर्ने विषयमा छलफल गरिएको छ ।

वैकल्पिक माध्यमबाट शिक्षा हासिल गरेका तथा परम्परागत माध्यमबाट सीप प्राप्त गरेका व्यक्तिको ज्ञान र सीपलाई समेत मान्यता दिने प्रणाली विकास गर्नुपर्ने सहभागीहरूको धारणा थियो ।

मधेस प्रदेशको शिक्षा सुधारका लागि विद्यालय तहको गुणस्तर अभिवृद्धि, शिक्षकको क्षमता विकास, प्रविधिमैत्री शिक्षा, सीप विकास तथा उच्च शिक्षामा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने निष्कर्षसहित संवाद अघि बढाइएको छ ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा खड्गबहादुर केसीले मधेस प्रदेशको उच्च शिक्षाको अवस्थाबारे प्रस्तुतीकरण गर्दै उच्च शिक्षाको नीतिगत सुधार गरी डिजिटल लिट्रेसीलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले उच्च शिक्षा सुधारका लागि विश्वविद्यालयले नीतिगत र संरचनागत सुधारका काम अघि बढाएको बताउनुभयो ।

राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्राडा श्यामनारायण लाभले मधेस प्रदेशको शिक्षा सुधारका लागि सबै जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा विवेक बरालले उच्च शिक्षाको विशिष्टिकृत सुधारका लागि आवश्यक रहेको बताउनुभयो ।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति सुजनबाबु मरहट्टाले विश्वविद्यालयलाई गुणस्तरीय, प्रतिस्पर्धी, अनुसन्धानमुखी, प्रविधिमैत्री तथा आत्मनिर्भर शैक्षिक संस्थाका रूपमा विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

गणेश पौडेलले मधेसको आधारभूत शिक्षा नसुधारिकन उच्च शिक्षाको गुणस्तर कायम गर्न हुन नसक्ने भन्दै सीपमूलक शिक्षा, ज्ञान र नवप्रवर्वर्द्धनमा आधारित शिक्षालाई जोड दिनुपर्ने खाँचो औँल्याउनुभयो ।

सांसद अरबिन्द शाहले मधेसको आधारभूत शिक्षा सुधारेर मात्रै उच्च शिक्षाको गुणस्तर अभिवृद्धि हुने उल्लेख गर्नुभयो ।

सांसद राजकिशोर महतोले मधेस विकासको आधार मानिने शिक्षाको समग्र सुधारका लागि नीतिगत सुधारलाई प्राथमिकता दिनुपर्ने खाँचो औँल्याउनुभयो ।

सांसद रहवर अन्सारीले प्राविधिक शिक्षालाई प्राथमिकता दिइनुपर्ने धारणा राख्नुभयो । *रासस*

। सम्पादकीय ।

# देश आत्मनिर्भर बनाउनेतर्फ सरकारको ध्यान जानु आवश्यक

देश र जनताप्रति जिम्मेवार सरकारले जनताका आधारभूत आवश्यकताका वस्तुहरू कहिले पनि निजीकरण गर्दैन; गर्नुहुँदैन। खानेपानीको व्यवस्थापन निजीकरण गरेर सरकार आफ्नो जिम्मेवारीबाट पन्छियो। सरकारले सञ्चालन गर्दै आएका उद्योग, कलकारखाना, संस्था, सेवा आदिको स्वामित्व, व्यवस्थापनको जिम्मेवारी व्यक्ति वा निजी कम्पनीलाई हस्तान्तरण गरेर निजी क्षेत्रलाई नाफा कमाउन दिनु राम्रो होइन। निजी क्षेत्रलाई दिइएमा सर्वसाधारणले महँगो वस्तु र सेवा लिन बाध्य हुन्छ। शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवा गरिब जनताका पहुँच बाहिर जान्छ।

स्वास्थ्य सेवा र शैक्षिक क्षेत्र पनि सरकारले नै सञ्चालन गर्नुपर्छ। यसले स्वास्थ्य सेवा सहज र सस्तो हुन्छ। स्वास्थ्योपचारमा एकरूपता हुन्छ। स्वास्थ्य सेवामा समानता हुन्छ र मनपरी शुल्क लगाइँदैन। निजी अस्पतालले आफूखुसी स्वास्थ्य सेवामा शुल्क लगाएको हुन्छ। स्वास्थ्य सेवा महँगो भएर कति सर्वसाधारण जनता उपचार गर्न नपाएकै कारण मृत्यु हुन्छन्। शिक्षाको व्यवस्था पनि सरकारले नै जिम्मा लिनुपर्छ। तर, सरकारले सबै स्वास्थ्य र शिक्षाको जिम्मेवारी लिएको देखिँदैन।

सरकार लागिपरेमा स्वदेशमै आधारभूत आवश्यकता परिपूर्ति गर्न सकिन्छ। कृषिको निम्ति आवश्यक सिँचाइ, मल, नयाँनयाँ बीउबिजन, औजार आदि सरकारले व्यवस्था गरेको भए नेपाल अन्नमा आत्मनिर्भर हुन्छ। अन्नको भण्डार भनिएको तराई प्रदेश तथा अन्य क्षेत्रमा मल, सिँचाइ र पानीको राम्रो व्यवस्था भए धेरै अन्नलगायत खाद्यवस्तु उत्पादन हुन्छ र विदेशबाट अन्न आयात गर्नुपर्दैन। एक समय नेपालले पनि अन्न निर्यात गरेको थियो। तर, अहिले हरेक सामान आयात गर्नुपर्छ। हरेक सामान आयात गर्नुको अर्थ देश परनिर्भर छ भन्ने बोध हुन्छ। देश परनिर्भर भइरहेसम्म देशले विकासमा कोल्टो फेर्न सक्नेछैन। ग्यास र पेट्रोलियम पदार्थ त नेपालमा उत्पादन नै हुँदैन। यसकारण, यो नेपाल सरकारको नियन्त्रणमा हुँदैन। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले ग्यास र पेट्रोलियम पदार्थको आपूर्ति प्रणाली नेपालको आफ्नो नियन्त्रणमा नभएको बताएका छन्। स्वदेशमै उत्पादन नभएको कारण आफ्नो नियन्त्रण नहुनु स्वाभाविक हो।

चिनियाँ टोलीले दैलेखमा ग्यास खानीको अध्ययन र अनुसन्धान गरेको थियो। अध्ययन टोलीले ग्यास रहेको पत्ता लगाएको थियो। उक्त ग्यास उत्पादन गर्न सरकारले पाइला चाल्नुपर्छ। देशकै स्रोत र साधन प्रयोग गरेर उक्त ग्यास खानीमा नेपालकै उद्योगपति या राष्ट्रिय पुँजीपतिवर्गको लगानी गर्नु आवश्यक छ। विदेशी लगानी, विदेशी सहयोग र ऋण भन्दा आफ्नै देशका पुँजीपतिहरूको पुँजी लगानी गर्नु उपयुक्त हुन्छ। आफ्नै देशको पुँजी लगानी गर्दा विदेशीले चलखेल गर्न पाउँदैन। देशको पैसा बिदेसिँदैन। देशको आयस्रोत बढ्छ र विकासमा थप टेवा पुग्छ। अन्तर्राष्ट्रिय भू-राजनीतिक परिस्थितिका कारण इन्धन आपूर्तिमा असर परिरहेको यथार्थ हो। अरुको देशमा भरपर्दा ग्यास र पेट्रोल कुनै बेला आयात नहुन सक्छ; आयात भइरहे पनि धेरै महँगो पर्न सक्छ। अतः नेपालले ऊर्जा, कृषि र औद्योगिक उत्पादनमा आत्मनिर्भरताको नीति अपनाउनुपर्छ।

देशको अरबौं रूपैयाँ इन्धन आयातमा खर्च भइरहेको छ। इन्धनमा हुने खर्च विद्युत् र जैविक ऊर्जामा प्रयोग गर्न सकिन्छ। नेपाल जलस्रोतको भण्डार भएकोले प्रशस्त विद्युत् निकाल्न सकिन्छ। देशका घरेलु तथा साना उद्योगदेखि ठूला कलकारखानासम्म विद्युत्बाटै सञ्चालन गर्न सकिन्छ। यो क्षमता देशमा छ। त्यसबाट बढीभन्दा बढी उपयोग गरी देशको आम्दानी बढाउन सकिन्छ; यसले जनतालाई राहत हुन्छ; आम्दानी हुन्छ र देशको पैसा बिदेसिँदैन। राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी, अर्थविद् र राजनीतिक विश्लेषकहरूले पनि स्वदेशमै रहेका स्रोत र साधनलाई उपयोग गर्नुपर्ने सुझाव दिएका छन्। खाना पकाउन सस्तोमा विद्युत् वितरण किन नगर्ने भन्ने प्रश्न उठेको छ।

त्यस्तै चिनी र सिमेन्ट उत्पादन गर्न यहाँ प्रशस्त स्रोत र साधनहरू छन्। उखु खेतीको विकास र विस्तार गर्न सकिन्छ। चिनी उत्पादन भइरहेकै हो। सिमेन्ट पनि उत्पादन भइरहेकै हो। सिमेन्टका निम्ति आवश्यक स्रोत र साधन यहीं छ। चिया, सनपात (जुट) उत्पादन भएकै छ। धान, गहुँ र मकै आदि उत्पादनको निम्ति उब्जनीयोग्य भूमि छ। पहाडी क्षेत्रमा फलफूल, जडिबुटी, आलु, कोदोजस्ता वस्तुहरू उत्पादन गर्न सकिन्छ। हिमाली क्षेत्रमा स्याउजस्ता फलफूल र विभिन्न किसिमका जडिबुटीहरू उत्पादन गर्न सकिन्छ र भइरहेको छ। पहाडी, हिमाली र तराई क्षेत्रमा पशुपालन हुँदै आएको छ। यी सबैलाई आधुनिक र वैज्ञानिक व्यवस्थापन गरियो भने तरकारी, फलफूल, मासुलगायत अन्यमा पनि आत्मनिर्भर बन्न सकिन्छ।

पशु-पन्छी र मत्स्यपालनलाई बढावा दिन सकिन्छ। तेलहन, दलहन खेती विस्तार गरेर खाने तेल र दाल उत्पादन बढाउन सकिन्छ। घर निर्माणको निम्ति ढुङ्गा खानीहरू जति पनि छन्। यसरी देशमा प्रचुर मात्रामा प्राकृतिक स्रोत र साधन छ। यसलाई राज्यले अध्ययन, अनुसन्धान गरेर आवश्यक पूर्वाधार तयार गर्नसक्छ। सरकारले यसबारे चासो राख्नुपर्छ; आवश्यक प्रक्रिया अघि बढाउनुपर्छ। हर क्षेत्रमा सम्भावना भएकोले त्यसलाई कार्यान्वयन गर्न सकिन्छ। प्रत्येक वर्ष एउटा न एउटा विषयमा लक्ष्यका साथ कार्यनीति तयार गर्दै अघि बढेमा एकपछि अर्को उत्पादन गर्दै देशलाई आत्मनिर्भर बनाउन सकिन्छ।

# हर्न अफ अफ्रिकामा बढ्दो तनावले इजिप्ट र इजरायलबिचको शत्रुता पुनः चर्किने जोखिम

✍ एन्ड्र्यू कोरिब्को

*(इथियोपियाको निरन्तर अस्तित्व इजरायलको सुरक्षाका लागि अपरिहार्य छ। किनभने, इजिप्टले इथियोपियाविरुद्ध सञ्चालन गरिरहेको भनिएको 'हाइब्रीड युद्ध' सफल भई इथियोपिया टुक्राटुक्रा (Balkallized) अवस्थामा पुगेमा इजिप्टले त्यस देशका प्राकृतिक स्रोतसाधनको दोहन गर्नसक्नेछ। यसबाट इजिप्टको शक्ति उल्लेखनीय रूपमा बढ्न गई भविष्यमा इजरायलका लागि पुनः अस्तित्वगत खतरा बन्न सक्ने सम्भावना रहेको तर्क प्रस्तुत गरिएको छ।)*

मिस्र (इजिप्ट), सुडान, इरिट्रिया र सोमालियाका नेताहरूले पछिल्लो शिखर सम्मेलनपछि हस्ताक्षर गरेको एल-अलामेन संयुक्त घोषणापत्रमार्फत आपसी सम्बन्धलाई व्यापक रूपमा सुदृढ गर्ने तथा विस्तृत क्षेत्रीय मामिलामा चारपक्षीय समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सङ्घीय सेनाले विद्रोही टिग्रे क्षेत्रको राजधानीमाथि पुनः नियन्त्रण स्थापित गरेपछि यो कदम मुख्यतः इथियोपियाविरुद्ध लक्षित भएको भनेर व्यापक रूपमा व्याख्या गरिएको छ।



उक्त घटना हालै सुरु भएको दोस्रो उत्तरी द्वन्द्वको क्रममा भएको थियो। अडिस अबाबा (इथियोपियाको राजधानी) ले इजिप्ट, सुडान र इरिट्रियाले आफ्ना छद्म समूह (प्रोक्सी) मार्फत यो द्वन्द्व भड्काएको आरोप लगाएको छ।

इथियोपिया र इरिट्रियाले कूटनीतिक सम्बन्ध विच्छेद गरेका छन्। यसैबिच, संयुक्त राज्य अमेरिकाको विदेश मन्त्रालयले दुवै देशबिच बढ्दो सैन्य तनावप्रति चिन्ता व्यक्त गरेको छ। सामाजिक सञ्जालमा अपुष्ट रिपोर्टहरू पनि फैलिन थालेका छन्, जसमा इरिट्रियाली सेनाहरू टिग्रे क्षेत्रका विद्रोहीहरूको नियन्त्रणमा रहेका बाँकी इलाकामा ठूलो सङ्ख्यामा प्रवेश गरिरहेको दाबी गरिएको छ।

यी घटनाक्रमबिच केही इथियोपियालीहरूले नयाँ विद्रोही गठबन्धनलाई इरिट्रियाले समर्थन गरिरहेको आरोप लगाउँदै सङ्घीय सेनालाई इरिट्रियाका तीन दशकभन्दा लामो समयदेखि सत्तामा रहेका नेताको शासन अन्त्य गर्न आह्वान गरेका छन्। उनीहरूले 'सर्पको टाउको काट्नुपर्छ' भन्ने अभिव्यक्ति प्रयोग गर्दै इरिट्रियाली नेतृत्वलाई हटाउनुपर्ने माग गरेका छन्।

इथियोपियाको विश्वास छ कि इजिप्टले इरिट्रियामार्फत आफूविरुद्ध सञ्चालन भइरहेको भनिएको 'हाइब्रीड युद्ध'लाई हतियार, आर्थिक सहयोग तथा सङ्गठनात्मक समर्थन प्रदान गरिरहेको छ। यसमा सुडान र सोमालियाको अभ्र प्रत्यक्ष संलग्नता पनि हुनसक्ने इथियोपियाको आशङ्का छ।

सुडानले इथियोपियामाथि आरएसएफ (RSF) विद्रोहीहरूलाई समर्थन गरेको आरोप लगाउँदै आएको छ। यद्यपि, अडिस अबाबाले यस्ता आरोप सधैँ अस्वीकार गर्दै आएको छ। त्यसैगरी, सोमालिया सन् २०२४ मा इथियोपियाले व्यवहारतः स्वतन्त्र रहेको सोमालियासँग गरेको समझदारी सम्झौता (MoU) प्रति असन्तुष्ट छ। मोगादिशुले अझै सोमालियामाथि आफ्नो दाबी कायम राखेको छ।

इजिप्ट सोमालियाको प्रमुख सैन्य समर्थक मानिन्छ। सोमालियामा तैनाथ इजिप्टका करिब १००० देखि १५००० सम्म सैनिकले सैद्धान्तिक रूपमा इथियोपियामाथि दबाब वा सम्भावित सुरक्षा चुनौती सिर्जना गर्नसक्ने तर्क प्रस्तुत गरिएको छ।

यसरी हेर्दा, क्षेत्रीय युद्धको सम्भावना बढ्दै गएको देखिन्छ। यस्तो युद्धमा इथियोपियाका निकट साझेदार संयुक्त अरब इमिरेट्स (यूएई) र इजरायलसमेत संलग्न हुनसक्ने सम्भावना रहेको विश्लेषण गरिएको छ। उनीहरूले इथियोपियालाई समर्थन गर्ने मात्र होइन, सोमालियाले समेत खतरा वा आक्रमणको सामना गर्नुपरेमा त्यसलाई सहयोग गर्न सक्ने अनुमान गरिएको छ।

हालै इजिप्टमा सुदृढ गरिएको अनौपचारिक चारपक्षीय गठबन्धन सन् २०२४ को अन्त्यतिर इजिप्टले इरिट्रिया र सोमालियासँग गठन गरेको त्रिपक्षीय सहकार्यको आधारमा विकसित भएको थियो। त्यसको विपरीत, इथियोपिया, यूएई, इजरायल र सोमालिल्याण्डबिच समन्वय गर्न कुनै औपचारिक संरचना वा मञ्च अहिलेसम्म स्थापित भएको छैन। तथापि, भविष्यमा यस्तो सहकार्य संयन्त्र वा गठबन्धन निर्माण हुनसक्ने सम्भावनालाई पूर्ण रूपमा अस्वीकार गर्न नसकिने बताइएको छ।

इजरायल सोमालियालाई मान्यता दिने एक मात्र राष्ट्र हो। यसको एउटा कारण टर्कियेसँगको प्रतिस्पर्धा पनि हुनसक्छ। सोमालियामा टर्कीएको प्रभाव इजिप्टको प्रभावसँग प्रतिस्पर्धा गर्ने स्तरमा रहेको छ। यसैबिच, संयुक्त अरब इमिरेट्स (यूएई) ले सोमालियाको यातायात तथा सम्पर्क पूर्वाधारमा ठूलो लगानी गरेको छ।

केही विश्लेषकको आशङ्का छ कि यही पूर्वाधारलाई इथियोपिया हुँदै र केही अवस्थामा दक्षिण सुडानमार्फत, आरएसएफ विद्रोहीहरूलाई हतियार आपूर्ति गर्न प्रयोग गरिएको हुनसक्छ। यद्यपि, सम्बन्धित सबै पक्षले यस्ता आरोप अस्वीकार गरेका छन्।

यस लेखकका अनुसार, यदि इथियोपिया पराजित भयो र त्यसपछि देश 'बाल्कनाइजेसन' अर्थात् टुक्राटुक्रा हुने अवस्थातर्फ गयो भने इजिप्टको शक्ति अत्यधिक बढ्न सक्छ। यस्तो अवस्था सिर्जना भएमा इजिप्ट अरब संसारको एक शक्तिशाली महाशक्तिका रूपमा उदाउन सक्नेछ, जसले इजरायल र यूएईका दीर्घकालीन रणनीतिक हितमा नकारात्मक प्रभाव पार्नसक्ने तर्क प्रस्तुत गरिएको छ।

त्यसैले, यस्तो परिस्थिति उत्पन्न हुन नदिनु इजरायल र यूएई दुवैको रणनीतिक हितमा पर्छ। यदि इजिप्टको नेतृत्वमा विस्तार गरिएको नयाँ गठबन्धन, जसमा अहिले युद्धको अनुभव बटुलेको सुडानी सशस्त्र सेना पनि महत्त्वपूर्ण रूपमा समावेश भएको छ, ले इथियोपियाविरुद्ध पूर्ण स्तरको युद्ध सुरु गरायो भने यी देशहरूले कुनै न कुनै रूपमा हस्तक्षेप गर्न सक्ने सम्भावना रहेको तर्क प्रस्तुत गरिएको छ। यद्यपि, त्यस्तो हस्तक्षेपको स्वरूप र सीमा स्पष्ट छैन।

इथियोपियाको निरन्तर अस्तित्व इजरायलको सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिएको छ। किनभने, यदि इथियोपिया टुक्राटुक्रा हुने 'Balkallized' अवस्थातर्फ गयो र इजिप्टले त्यसका विशाल प्राकृतिक स्रोत, मुख्यतः ब्लु नाइलको पानीबाट लाभ उठाउन सफल भयो भने इजिप्टको आर्थिक तथा सामरिक शक्ति उल्लेखनीय रूपमा वृद्धि हुनसक्छ। दीर्घकालमा यसले इजिप्टलाई पुनः इजरायलका लागि गम्भीर वा अस्तित्वगत सुरक्षा चुनौती बन्न सक्ने अवस्थामा पुऱ्याउन सक्छ।

त्यसैले, यदि छिट्टै कुनै कूटनीतिक समाधान खोजिएन भने समग्र क्षेत्र एउटा ठूलो युद्धको सङ्घारमा पुगेको देखिन्छ। सबैभन्दा खराब अवस्थाको परिकल्पनामा यस्तो युद्धले इजिप्ट र इजरायलबिचको पुरानो वैमनस्यतालाई पुनः चर्काउन सक्छ। साथै, अफ्रिकाको हर्न क्षेत्रमा बसोबास गर्ने १५ करोडभन्दा बढी मानिसको जीवनमा विनाशकारी प्रभाव पर्नसक्ने चेतावनी पनि यस विश्लेषणमा दिइएको छ।

इजिप्टले आफू योजनाकार रहेको भनिएको ठूलो युद्धमार्फत इथियोपियालाई अन्ततः 'Balkallized' अर्थात् टुक्राटुक्रा बनाउने र त्यसपछि अरब विश्वको प्रमुख शक्ति बन्ने अपेक्षा राखेको छ। यस विश्लेषणले सम्भावित मानवीय तथा क्षेत्रीय सङ्कटको मुख्य कारण इजिप्टको यही शक्ति विस्तारको रणनीति भएको दाबी गरेको छ।



# लेनिनवादी सङ्गठनात्मक सिद्धान्त



जनवादी केन्द्रीयता कम्युनिस्ट आन्दोलनका नेता लेनिनले अगाडि सारेको सङ्गठनात्मक सिद्धान्त हो। यसलाई लेनिनवादी सङ्गठनात्मक सिद्धान्त पनि भनिन्छ। यो सिद्धान्तले कम्युनिस्ट पार्टी लडाकु, रचनात्मक र क्रान्तिकारी हुनुपर्ने मान्यता अघि सारेको छ।

लेनिनवादी सङ्गठनात्मक सिद्धान्तले जनवादी केन्द्रीयताका ठोस विषयहरू सूत्रबद्ध गरेको छ। जनवादी केन्द्रीयताका अनुसार, व्यक्ति सङ्गठनको अधिनस्थ हुन्छ, अल्पमत बहुमतको अधिनस्थ हुन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको अधिनस्थ हुन्छ, पार्टीका सम्पूर्ण कमिटीहरू केन्द्रीय कमिटीको अधिनस्थ हुन्छन्, केन्द्रीय समिति महाधिवेशनको अधिनस्थ हुन्छ र महाधिवेशन सम्पूर्ण पार्टी सदस्यहरूको अधिनस्थ हुन्छ भन्ने मान्यता राख्दछ।

लेनिनले सङ्गठनात्मक सिद्धान्तका रूपमा कम्युनिस्ट पार्टीको सदस्यताका लागि निश्चित सर्तहरू तोकेका छन्। कम्युनिस्ट पार्टीको सदस्यका लागि न्यूनतम् सर्तहरूमा पार्टीको नीति तथा कार्यक्रम मान्ने, पार्टीको निश्चित सङ्गठनमा बसेर काम गर्ने र पार्टीलाई नियमित लेबी तिर्ने रहेका छन्।

**सङ्गठनात्मक सिद्धान्तका आधार**

**(१) जनवादी केन्द्रीयता :** उक्त सिद्धान्तअन्तर्गत पहिलो र महत्त्वपूर्ण बुँदा जनवादी केन्द्रीयता हो। जनवादी केन्द्रीयताभित्र दुईवटा कुरा पर्दछन्, जनवाद र केन्द्रीयता। जनवादबिनाको केन्द्रीयता वास्तवमा निरङ्कुशता हुन्छ। केन्द्रीयताबिनाको जनवाद पनि अराजकतावाद हुन्छ। त्यसैले जनवाद र केन्द्रीयता एक-अर्काका परिपूरक हुन्। न जनवादबिना केन्द्रीयताले सङ्गठनलाई राम्रो गर्छ न केन्द्रीयताबिनाको जनवादले पार्टीलाई अनुशासित तुल्याउँछ। यसरी सङ्गठनमा यी दुवै सिद्धान्तको समान महत्त्व छ।

जनवादको अर्थ जनतन्त्र 'प्रजातन्त्र' हो। जनवादभित्र राय प्रकट गर्न पाउने अधिकार, विरोध गर्न पाउने अधिकार, प्रस्ट गर्न पाउने तथा चुन्न र चुनिन पाउने अधिकार आदि पर्दछन्। वास्तवमा सङ्गठनभित्रका सदस्यहरूको विचार प्रकट गर्ने अधिकार सबैलाई समान रूपमा हुन्छ। सबैका विचारहरूको निष्कर्ष नै निर्णय हो। त्यसप्रकारको निर्णय नै सही निर्णय हुन्छ। सङ्गठनभित्र आफूलाई चित्त नबुझेको कुराको विरोध गर्ने अधिकार पनि समान रूपमा रहन्छ। त्यसो नभएर यसो गर्दा के होला भनेर प्रस्ट गर्ने अधिकार पनि जनवादी अधिकार हो। म यो समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष बन्न पाउँ भन्ने अधिकार पनि सदस्यहरूलाई रहन्छ। चुन्न र चुनिन पाउने अधिकार पनि जनवादी अधिकार हो।

यसरी जनवादी अधिकार भनेको आफ्नो मनमा लागेको कुरा सङ्गठनमा खुला हृदयका साथ राख्ने अधिकार हो। अर्को शब्दमा भन्ने हो भने जनवाद भनेको आफ्नो मनमा उब्जेको कुरा खुला दिलले स्वतर्स्फूत रूपमा सङ्गठनमा राख्ने कुरा हो। पार्टी सङ्गठनमा जनवादको खाँचो भोको मान्छेलाई खानाको खाँचोजस्तै हुन्छ। तिर्खा लागेकोलाई पानीको जति आवश्यक छ, ठीक त्यही प्रकारले पार्टी सङ्गठनभित्र जनवादको खाँचो छ। पार्टी सङ्गठनलाई सही रूपले परिचालन गर्नका निम्ति जनवादी अधिकारको खाँचो पर्दछ। यसरी लेनिनवादी सङ्गठनात्मक सिद्धान्तभित्र जनवादको धेरै ठुलो महत्त्व छ। जनवादी अधिकारबिना पार्टी सङ्गठन पानीबिनाको माछासरह हुन्छ।

यसरी नै केन्द्रीयताको अर्थ कर्तव्यपालन गर्नु हो। हामीले निरपेक्ष रूपमा जनतन्त्र, प्रजातन्त्र वा स्वतन्त्रता खोज्न हुँदैन। निरपेक्ष रूपमा स्वतन्त्रता द्वन्द्ववादसँग मेल नखाने कुरा हो। त्यसैले केन्द्रीयताको महत्त्व कम छैन। जनवादसँग केन्द्रीयता स्वत: जोडिन्छ। केन्द्रीयताभित्र निम्न कुराहरू पर्दछन् - व्यक्ति सङ्गठनको मातहतमा हुन्छ, अल्पमत बहुमतको, तल्ला समितिहरू उपल्ला समितिहरूको, सम्पूर्ण समितिहरू केन्द्रीय समितिको अधीनमा र केन्द्रीय समिति पनि सम्मेलन वा महाधिवेशनको अधिनस्थ हुनुपर्दछ।

यसरी व्यक्ति कहिल्यै पनि सङ्गठनभन्दा माथि हुन सक्दैन। अल्पमतले आफ्नो बेग्लै मत हुँदाहुँदै पनि बहुमतको निर्णयलाई बिनासर्त लागू गर्नुपर्दछ। यसरी केन्द्रीयताबिना पार्टी सङ्गठनहरू परिचालित हुन सक्दैनन्। केन्द्रीयता भनेको अनुशासन हो। त्यसैले स्वतन्त्रताको खोजी गर्दा अनुशासनको पालना हुनुपर्छ। अधिकार खोज्दा कर्तव्य पालन गर्नुपर्छ।

**(२) आत्मालोचना र आलोचना :** सङ्गठनमा सबै सदस्यहरूले क्रमश: आफ्नो गल्ती र कमजोरीहरू बताउनुलाई आत्मालोचना भनिन्छ। आफ्ना कमजोरीहरू आफैद्वारा बैठकमा बताइने सिद्धान्त नै आत्मालोचना हो। यसरी आत्मालोचना गर्दा खुलस्त र नलुकाइकन आफ्ना गल्ती कमजोरीलाई महसुस गर्नुपर्छ। एकपटक आफ्नो कमजोरी बताएपछि त्यस उप्रान्त त्यसप्रकारको कमजोरी गर्नु हुँदैन। मान्छे असल बन्न, सङ्गठनलाई राम्रो बनाउन तथा असल समाजको स्थापना गर्न यो सिद्धान्तको ठुलो महत्त्व छ।

आलोचना भनेको सङ्गठनभित्रका सदस्यहरूको गल्ती कमजोरी एकले अर्काको औँल्याइदिनु हो। यसरी आलोचना गर्दा साथी रिसाउला कि भनेर होइन, खुला दिलले उसका सबै गल्ती कमजोरीहरू बिनासङ्कोच औँल्याइदिनुपर्दछ। तर, यसो गर्दा डाहा र प्रतिशोधको भावना राखेर होइन, उसका वास्तविक गल्ती र कमजोरी बताइदिनुपर्छ। साथीलाई सुधार्नका लागि उसलाई गल्ती कमजोरीबाट जोगाउनका निम्ति र वास्तवमा उसलाई सही मार्गमा मार्ग प्रशस्त गराउनका निम्ति नै यो तरीका अपनाइन्छ।

यसरी स्वयं आफ्ना गल्ती कमजोरी बताउने र अर्कोले पनि भुले, लुकाएका कमजोरी बताइदिनाले गल्तीबाट बच्नका लागि, व्यक्ति माथि उठ्नका निम्ति धेरै ठुलो बल पैदा हुनेछ। ऊ असल समाज निर्माणमा योग्य व्यक्ति अवश्य बन्ने छ। यसरी आलोचना र आत्मालोचनाको कसी लगाएपछि असल कम्युनिस्ट बन्न मद्दत पुग्नेछ। त्यसो गर्दा समाजका धेरै व्यक्तिहरू असल बने भने असल समाज निर्माण हुनेछ। असल समाज भनेको आदर्श समाज हो र आदर्श समाज भनेको न्यायपूर्ण समाज हो।

**(३) असल नेता चुन्ने तरीका :** समाज र राष्ट्रलाई सुन्दर र आदर्श बनाउनका निम्ति सङ्गठनमा असल व्यक्तिहरू चुनिनु पर्दछ अर्थात् असल नेतृत्व चयन गर्नुपर्दछ। यसो गर्दा निम्न महत्त्वपूर्ण कुराहरूमा ध्यान दिनुपर्छ :

- इमानदारिता
- सक्रियता वा निरन्तरता
- समर्पित भावना
- रचनात्मक क्षमता वा कार्य दक्षता।

असल व्यक्ति चयन गर्दा पहिलो कुरा इमानदारिता हो। जो व्यक्ति इमानदार छ, उसलाई नेतृत्वमा ल्याउँदा पार्टी र क्रान्तिका निम्ति बल पुग्छ। इमानदारितापछि पार्टीले निरन्तरतालाई प्राथमिकता दिनुपर्छ। आमूल परिवर्तन हुन शताब्दीयौँ लाग्न सक्छ। त्यसैले, निरन्तर रूपले सङ्गठनमा आजीवन लाग्ने मान्छेलाई चिनेर चुन्न कोशिश गर्नुपर्छ। नेतृत्वमा समर्पित भावना हुनैपर्छ। समर्पित भावनाका साथ सङ्गठनमा लाग्ने नेतृत्वले मात्र सङ्गठनलाई राम्रो बनाउन सक्छ। चौथो कुरा कार्य दक्षता हो। रचनात्मक क्षमता भएको व्यक्तिलाई नेता चयन गर्नुपर्दछ।

यसरी लेनिनवादी सङ्गठनात्मक सिद्धान्तको कुरा गर्दा जनवादी केन्द्रीयता, आलोचना, आत्मालोचना, नेतृत्वको चयनको प्रजातान्त्रिक अधिकारको सन्तुलनकारी भूमिकालाई सँगै राखेर बुझ्नुपर्छ। लेनिनवादी सङ्गठनात्मक सिद्धान्तले मात्र कम्युनिस्ट पार्टीलाई प्रजातान्त्रिक र अनुशासित राख्न सक्छ।

*- 'लोकपाटी' बाट*

# सहरमा हराउँदै छिमेकीपन




● सुरेश ढकाल, मानवशास्त्री

छिमेकी निश्चित भौतिक भूगोलभित्र जोडिएका घरहरूको समूह वा घरनजिक बस्ने मानिसको झुण्ड मात्र होइन। भौगोलिक निकटता एउटा आधार हो, तर मुख्य कुरा यसले नेपाली सन्दर्भमा विशिष्ट सांस्कृतिक अर्थ राख्दछ। यो एउटा साझा सामाजिक र सांस्कृतिक धरातल हो। यसले पारस्परिक सहयोग, विश्वास र सामाजिक दायित्वसहितको सम्बन्धलाई समेट्छ। यस्तो सामाजिक दायित्व र पारस्परिक सहयोग र विश्वासलाई 'छिमेकी धर्म' समेत भनिन्छ। यसर्थ, समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा, छिमेकीपन कुनै भौतिक संरचना नभई मानिसबिचको भावनात्मक सम्बन्ध, आपसी विश्वास र संवेदनशील सहकार्यबाट निर्माण भएको साझा अवधारणा हो।

घरनजिकैको अर्को घर हुनु मात्र छिमेक होइन, दु:खसुख र मर्दापर्दा विनासर्त सहयोगका हात बढाउने, एक-अर्कामाथि भरोसा राख्ने र सामूहिक भावनाले जोडिएका मानिसको साझा जीवन्त अभिव्यक्ति नै छिमेकीपन हो। छिमेकीपन एउटा सामाजिक-सांस्कृतिक अवधारणा भएका कारण सामाजिक-सांस्कृतिक परिवर्तनसँगै छिमेकीपन पनि निरन्तर परिवर्तन भइरहेको हुन्छ। मेरो अनुभव र स्मृतिमा रहेको आजभन्दा करिब पाँच दशकअघि काठमाडौँजस्ता सहरमा जुन किसिमको छिमेक र छिमेकीपन थियो, त्यो अहिले छैन। त्यसलाई अर्को ढङ्गले पुनर्स्थापित गर्ने प्रयास नभएको भने होइन, तर हिजोको जस्तो भावनात्मक र संवेदनशील सम्बन्ध अहिले छैन।

**सामाजिक र सांस्कृतिक आधार**

जर्मन समाजशास्त्री फर्डिनान्ड टोनिजले व्यक्तिहरूको नातागोता र समुदायमा आधारित सम्बन्ध खस्किँदै गएको छ र अपरिचितबिचका निर्वैयक्तिक, औपचारिक सहरी अन्तरक्रियालाई परिभाषित गर्न जेमिनीसाफ्ट र गेसेलसाफ्टको अवधारणा उपयोग गरे। यसले मूलत: समुदाय र समाजबिचको भिन्नता देखाउँछ। पहिलाको छिमेकीपनमा समुदायको चरित्र थियो भने अहिलेको समाजमा त्यो चरित्र कम देखिन्छ। समुदाय र समाजमा जे भिन्नता हुन्छ, त्यही खालको परिवर्तन छिमेकीपनमा पनि आएको छ।

छिमेकीपनलाई कायम गर्नु र पुनर्स्थापित गर्नु सांस्कृतिक कर्म पनि हो। म बौद्ध-महाङ्कालमा जन्मिएँ, त्यहाँको छिमेकीपन अनुभव गरेर हुर्कें। बौद्धका साथीभाइको सङ्गतले त्यहाँको छिमेकीपन बुझेँ। चाबहिलको विद्यालयमा पढेँ, त्यहाँको छिमेकीपन पनि देखेँ। कतै तामाङहरूको बस्ती थियो, कतै नेवार समुदायको बस्ती। अन्यत्रझैँ चाबहिलमा नेवार समुदायको वर्षभरि विभिन्न सांस्कृतिक पर्व हुन्थे। ती पर्व समुदायका आफ्नै मानिस मिलेर आयोजना गर्थे। पर्व र अवसरअनुसार विभिन्न बाजा बजाएर मन्दिर परिक्रमा गर्थे। हाम्रा स्कूले साथीहरू पनि ठुला मानिससँगै बाजा सिक्ने र त्यस्तो परिक्रमा वा जात्रामा सहभागी हुन्थे। नयाँ पुस्तालाई बाजा बजाउन सिकाउने मात्र नभई सांस्कृतिक ज्ञान हस्तान्तरण गरिन्थ्यो। विस्तारित परिवार हुन्थ्यो।

मलाई लाग्छ, यस्ता अभ्यासले आदिवासी तथा स्थानीय सांस्कृतिक क्षेत्र र त्ससँगको सम्बद्धता र अपनत्वलाई पुनरुत्पादन गर्ने काम गर्थे। त्यो छिमेकी सम्बन्धबाट सम्भव हुन्थ्यो। त्यसैले, छिमेकीपन सांस्कृतिक अवधारणा पनि हो। छिमेकीपनलाई संस्थागत गर्ने कार्य नेवार समुदायभित्र गुठीले पनि गर्थ्यो। त्यस्ता जात्रा, पर्व होस् या मर्दापर्दा गरिने सरसहयोग र सहभागिताले 'बृहत्तर हितका लागि आफ्नो समुदाय र छिमेकीका लागि केही गरिरहेका छौँ' भन्ने भावना हुन्थ्यो। यही छिमेकीभावले छिमेकीपनलाई पुनरुत्पादन पनि गरिरहेको हुन्थ्यो।

**सामूहिक श्रम र छिमेकीपन**

हामी सानो छँदा पानीको स्रोत सार्वजनिक ढुङ्गेधारा र कुवा थिए। प्रत्येक वर्ष वर्षाको क्रम सकिएपछि ती कुवा र धाराहरू सामूहिक रूपमा छिमेकी मिलेर सफा गर्थ्यौँ। दसैँ आउन लाग्दा गोरेटो, बाटो सरसफाइ तथा मर्मत गर्थ्यौँ। मानिस सामाजिक हुनुको जुन अर्थ छ, त्यो अर्थ छिमेकीपनले पुनरुत्पादन गरिरहेको हुन्थ्यो। सामाजिक र सांस्कृतिक आधारले नै छिमेकीपनलाई निरन्तरता दिने र पुनरुत्पादन गर्ने काम गर्थ्यो।

यसमा राजनीतिक पाटो पनि आउँछ। गाउँहरू पहिले तुलनात्मक रूपमा स्वावलम्बी थिए। खानेपानी, बाटो, विद्यालय गाउँलेहरू मिलेर बनाउँथे। गाउँलेहरू नै मिलेर शिक्षक खोज्थे। बिस्तारै राज्यको भूमिका व्यापक भयो। यस्ता काम राज्यले गर्नुपर्ने भन्ने धारणा विकास भयो। बाटो राज्य, पालिका वा वडाले बनाउन थाले। कुवा खन्ने, धारा बनाउने काम पालिकाले गर्न थाले। घरघरमा निजी धारा पुग्न थाले। क्रमश: गाउँहरू कम स्वावलम्बी हुँदै गए, आफ्नो स्वायत्तता गुमाउँदै गए र परम्परागत छिमेकीपन पनि कमजोर हुँदै गयो।

**जनसङ्ख्या, बसाइँसराइ र परिवारको विखण्डन**

सहरी क्षेत्रमा छिमेकीको स्वरूपमा परिवर्तन आउनुको मुख्य कारण जनसङ्ख्या वृद्धि, बसाइँसराइ पनि हो। सहरमा पछिल्ला चार-पाँच दशकमा जनसङ्ख्या तीव्र रूपमा बढेको छ। घरको सङ्ख्या र परिवारको सङ्ख्या पनि त्यसैगरी बढेको छ। मानिसहरूको गतिशीलता धेरै बढ्यो, परिवार टुक्रिन थाल्यो। पछिल्लो दशकमा परिवारको सङ्ख्या र जनसङ्ख्या मात्र बढेन, मानिसहरूले व्यावसायिक प्रयोजनका लागि घरभाडामा लगाउने क्रम पनि बढ्यो। एउटै घरमा धेरै परिवार बस्न थाले।

मानिसहरू जुन ठाउँमा बस्छन्, त्यहाँ एक-आपसमा सामान्य चिनजान र भावनात्मक सम्बन्ध स्थापित हुन नपाउँदै त्यहाँबाट गइसकेका हुन्छन्। छिमेकीपन त्यसरी पनि हराउँदै गएको छ। पहिले काठमाडौँका टोलहरूमा निश्चित समुदाय वा जातिका परिवार बस्ने गर्थे। नातेदारी बलियो हुन्थ्यो। सिङ्गो टोल नै विस्तारित परिवारजस्तो हुन्थ्यो। प्रत्येक घर र परिवार नातागोता प्रणालीबाट जोडिएको हुन्थ्यो।

अहिले मानिस व्यापक रूपमा बसाइँसराइमा सहभागी भएका छन्। भाडामा बस्ने मानिसको सङ्ख्या अत्यधिक बढेको छ। त्यसले समुदायका मानिसबिच सम्बन्ध स्थापित हुन कठिन बनाएको छ। काठमाडौँ, पोखरा, चितवनजस्ता ठाउँमा घरजग्गाको मूल्य ह्वात्तै बढेको छ। यससँगै छिमेकीपन, नातागोता प्रणाली र परिवारको संरचनामा पनि परिवर्तन आएको छ।

**उत्पादन प्रणालीमा परिवर्तन**

अर्को महत्त्वपूर्ण कुरा उत्पादन प्रणाली हो। पहिले समाज मूलत: कृषिमा आधारित थियो। धेरै काम ऐँचोपैँचो, अर्मपर्मबाट चल्थ्यो। त्यसका लागि छिमेकी अत्यन्त महत्त्वपूर्ण हुन्थ्यो। अहिले त्यो अवस्था छैन। उत्पादन प्रणाली नै फेरिएको छ। अर्थतन्त्र नगदमा आधारित भएको छ। अहिले काठमाडौँका वरिपरिका गाउँहरू जहाँ अझै पनि खेती गरिन्छ, त्यहाँ खेतीपातीको समयमा तराईबाट र भारतबाट समेत आएका श्रमिक काम गरिरहेको देख्छौँ। हिजो त्यस्ता काम छिमेकी मिलेर गर्थे। अहिले उत्पादन प्रणाली फेरिएकाले हिजोको जस्तो छिमेकीपन आवश्यक नपर्ने अवस्था आएको छ। त्यसैले, छिमेकीपन कसरी कमजोर भयो भन्ने प्रश्नको उत्तर खोज्दा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक सबै पक्ष हेर्नुपर्छ।

पहिले ऐँचोपैँचोको आवश्यकता थियो। आवश्यकता ऐँचोपैँचोले पूरा हुन्थ्यो। अहिले ऐँचोपैँचोको अभ्यास र अवधारणा पूरै हराइसक्यो। अहिले वस्तु र सेवा दुवै बजारबाट किन्न सकिन्छ। व्यक्ति-व्यक्तिबिचको प्रत्यक्ष सम्बन्धको आवश्यकता कम भएको छ। त्यसले पनि छिमेकीपन कमजोर बनाएको छ। सामाजिक संरचना फेरबदल हुँदै गएपछि ऐँचोपैँचो र पर्म प्रणाली कमजोर भएका हुन्। यसको अर्थ समाज सधैँ उस्तै रहनुपर्छ भन्ने होइन। नयाँ मानिस, नयाँ बस्ती र नयाँ टोलमा टोल सुधार समिति वा अन्य संस्था बनाएर पुराना परम्परालाई स्थापित गर्ने प्रयास भइरहेका छन्। तर, संस्था निर्माण मात्र पर्याप्त हुँदैन।

पहिले मन्दिर, चौतारा, पँधेरा, धारा र घाँसपात गर्ने ठाउँमा मानिसहरू प्रत्यक्ष भेटघाट गर्थे। अन्तरक्रिया हुन्थ्यो। सूचना आदानप्रदान हुन्थ्यो। गाउँ, व्यक्ति र विभिन्न विषयबारे धारणा बनाइन्थ्यो। अहिले तीमध्ये धेरै सार्वजनिक स्थलको सामाजिक भूमिका हराएको वा कमजोर भएको छ। त्यससँगै प्रत्यक्ष भेटघाट र अन्तरक्रियाको अवसर पनि घटेको छ। यही कारण पनि अहिलेको सामाजिक सम्बन्धको स्वरूप फरक देखिएको छ।

**यान्त्रिक ऐक्यबद्धताबाट जैविक ऐक्यबद्धतातर्फ**

समुदायमा आधारित सम्बन्धलाई यान्त्रिक ऐक्यबद्धता (मेकानिकल सोलिडारिटी) को अवधारणाबाट पनि बुझ्न सकिन्छ। हामी एउटै टोलमा बस्ने, एउटै छिमेकी हुने, एउटै परिवार वा

*बाँकी पृष्ठ ७ मा*




स्पेनको राजधानी म्याड्रिडमा सरकारको मजदुर वर्गविरोधी नीतिको विरोधमा विरोध प्रदर्शन गर्दै स्पेनिश जनता अगस्ट ६, २०२६ को दिन। सरकारले आपत्कालीन आवास कानुन पारित गर्न असफल भएपछि भाडामा बस्नेहरूका लागि ठुलो सुरक्षाको लागि आह्वान गर्दै दसौँ हजार जनताले स्पेनका विभिन्न सहरमा विरोध प्रदर्शन गरे।

*तस्बिर : सीजेसीको फेसबुकपेज*

# भारतमा विपक्षी नेताहरू हिरासतमा

नयाँदिल्ली, २० असोज (एएफपी)। भारतको निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै मतदाता सूची संशोधनविरुद्ध प्रदर्शनमा उत्रिएका विपक्षी नेता राहुल गान्धीसहित केही सांसदलाई प्रहरीले मङ्गलबार केही समय हिरासतमा लिएर रिहा गरेको छ।

विपक्षी दलहरूले संसद्बाट निर्वाचन आयोगको कार्यालयतर्फ पदयात्रा सुरु गरेपछि प्रहरीले ब्यारिकेड लगाएर रोकेको थियो। एएफपीका पत्रकारका अनुसार काङ्ग्रेस नेता गान्धी ब्यारिकेडनजिक भारतीय झण्डा फहराउँदै उभिनुभएको थियो। त्यसपछि उहाँसहित अन्य सांसदलाई प्रहरीले नियन्त्रणमा लिएर केही समयपछि रिहा गरेको थियो।

निर्वाचन आयोगका प्रमुख कुमारको राजीनामा माग गर्दै शुक्रबारदेखि प्रदर्शन भइरहेको छ। विपक्षी नेताहरूले आयोगले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टीको प्रभावमा काम गरेको आरोप लगाएका छन्। आयोगले भने मतदाता सूचीको शुद्धता र अखण्डता सुनिश्चित गर्न संशोधन गरिएको भन्दै आरोप अस्वीकार गरेको छ। कुमारले यसबारे सार्वजनिक रूपमा कुनै टिप्पणी गर्नुभएको छैन।

विपक्षी नेताहरूले मतदाता सूची संशोधनमा थप पारदर्शिता आवश्यक रहेको बताउँदै परिवर्तनका कारण योग्य मतदाता मतदानको अधिकारबाट वञ्चित हुन सक्ने चिन्ता व्यक्त गरेका छन्। 'द इन्डियन एक्सप्रेस' को सेप्टेम्बरको एक रिपोर्टमा निर्वाचन आयोगका तीन सदस्यमध्ये दुई जनाले संशोधनसम्बन्धी प्रमुख निर्णयमा कम्तीमा १४ पटक औपचारिक आपत्ति जनाएको उल्लेख थियो।

सन् २०२५ मा संशोधन प्रक्रिया सुरु भएयता एक करोड ३० लाख नागरिकको नाम मतदाता सूचीबाट हटाइएको समाचार रिपोर्टले दाबी गरेको छ। विपक्षी दलहरूले यही विषयलाई आधार बनाउँदै निर्वाचन प्रक्रियामा पारदर्शिता र मतदाताको अधिकार सुनिश्चित गर्न माग गरेका छन्।

**मतदाता सूची विवादमा निर्वाचन प्रमुखको राजीनामा माग**

विवादास्पद मतदाता सूची संशोधनको विरोधमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग गर्दै विपक्षी दल र विभिन्न समूहले प्रदर्शन गर्ने भएपछि भारतको राजधानी नयाँदिल्लीमा मङ्गलबार सयौँ प्रहरी परिचालन गरी प्रदर्शनकारीले प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी मतदाता पञ्जीकरणमा हेरफेर गरिएको आरोप लगाउँदै मुख्य निर्वाचन आयुक्तको राजीनामा माग गरेका छन्। निर्वाचन आयोग र सरकारले भने कुनै पनि गलत काम नभएको दाबी गरिरहेका छन्।

मङ्गलबारको प्रदर्शन वामपन्थी विद्यार्थी समूहहरू, विपक्षी दलहरू र भारतका गत सातादेखि गर्दै आएको लगभग दैनिक विरोध प्रदर्शनकै निरन्तरता हो। संसद् नजिकै रहेको निर्वाचन आयोगको कार्यालयबाहिर सुरक्षाकर्मीले ब्यारिकेड राखेर सुरक्षा व्यवस्था कडा पारेका छन्। केही सुरक्षाकर्मी लाठीसहित तैनाथ छन् भने अधिकारीहरूले प्रदर्शन हुने आसपासका क्षेत्रमा यात्रासम्बन्धी सूचना जारी गरी केही सडक बन्द गरेका छन्।

भारतले गत वर्ष बिहारमा भएको राज्य निर्वाचनअघि मतदाता सूचीको विशेष गहन संशोधन सुरु गरेको थियो। त्यसपछि उक्त अभ्यास अधिकांश राज्य र सङ्घीय प्रशासित क्षेत्रमा विस्तार गरिएको छ।

आलोचकहरूले संशोधन प्रक्रियामा झन्झटिलो र प्राप्त गर्न कठिन कागजात माग गरिएकाले लाखौँ योग्य मतदाता सूचीबाट हट्न सक्ने जोखिम रहेको बताएका छन्। निर्वाचन आयोगको तथ्याङ्कअनुसार केही क्षेत्रमा संशोधनपछि मतदाता सूची ३० प्रतिशतसम्म घट्न सक्ने देखिएको छ।

निर्वाचन आयोगले भने योग्य मतदाताको नाम कायम राख्दै दोहोरो र अयोग्य नाम हटाउने उद्देश्यले सूची संशोधन गरिएको जनाएको छ। विपक्षी दल र अधिकारकर्मीहरूले भने यस प्रक्रियाले वैध मतदातालाई मतदानको अधिकारबाट वञ्चित गर्न सक्ने चिन्ता व्यक्त गरेका छन्।

निर्वाचन आयोगविरुद्धको अभियानमा 'कक्रोच' आन्दोलन पनि सक्रिय छ। अनलाइन अभियानका रूपमा सुरु भएको उक्त समूहले आफूलाई 'कक्रोच जनता पार्टी' का रूपमा चिनाउँदै आएको छ। आन्दोलनले आयोजना गरेका अघिल्ला सडक प्रदर्शनका कारण जुलाईमा भारतका तत्कालीन शिक्षा मन्त्री धर्मेन्द्रप्रधानले राजीनामा दिएका थिए।

# नाइजेरियामा सैन्य विमान दुर्घटना, ३२ जनाको मृत्यु

अबुजा,२० असोज (सिन्ह्वा)। नाइजेरियाका राष्ट्रपति बोला टिनुबुले सोमबार देशको दक्षिणपश्चिमी ओन्डो राज्यमा भएको सैन्य विमान दुर्घटनामा विमानमा सवार ३२ जनाको निधन भएको पुष्टि गर्नुभएको छ।

उड्डयन तथा एरोस्पेस विकासमन्त्री फेस्टस केयामोका अनुसार २५ जना यात्रु र सात जना चालक दलका सदस्य सवार रहेको उक्त सैन्य विमान ओन्डो राज्यको नदी किनारमा अवस्थित इग्बोकाडा समुदायको नौसैनिक आधार नजिक दुर्घटनाग्रस्त भएको हो।

राष्ट्रपति टिनुबुले जारी गर्नुभएको छुट्टै विज्ञप्तिमा यो सशस्त्र बल तथा सम्पूर्ण राष्ट्रका लागि अत्यन्तै दु:खद् क्षण भएको बताउनुभएको छ। उहाँले दुर्घटनामा ज्यान गुमाउनुभएका वायुसेनाका सदस्यहरूको बलिदान कहिल्यै बिर्सन नसकिने उल्लेख गर्नुभएको छ।

नाइजेरियाली वायुसेनाका अनुसार सुरुमा हेलिकोप्टर भएको अनुमान गरिएको उक्त विमान दुई इन्जिनयुक्त टर्बोप्रप विमान रहेको पुष्टि भएको छ। उक्त विमान दक्षिणी नाइजेरियाको बेनिन सहरबाट लागोसतर्फ नियमित उडानमा रहेका बेला दुर्घटनामा परेको हो।

राष्ट्रपति टिनुबुले दुर्घटनापछि तत्काल खोज तथा उद्धार अभियान सञ्चालन गर्नुभएकोमा वायुसेनाको प्रशंसा गर्नुभएको छ।

# बङ्गलादेशको उथलपुथलमा आईएसआई संलग्न रहेको आरोप

जेनेभा, ६ अक्टोबर (एएनआई)। बङ्गलादेशका पूर्व विदेशमन्त्री तथा अवामी लिगका संयुक्त महासचिव मोहम्मद हसन महमुदले सन् २०२४ को राजनीतिक उथलपुथलमा पाकिस्तानको गुप्तचर निकाय इन्टर सर्भिस इन्टेलिजेन्स (आईएसआई) संलग्न रहेको आरोप लगाउनुभएको छ। उहाँले त्यसयता बङ्गलादेशमा गम्भीर मानव अधिकार उल्लङ्घन भइरहेको दाबी गर्नुभयो।

महमुदले ५ अगस्ट २०२४ का घटनापछि बनेको अन्तरिम सरकार र वर्तमान सरकार पाकिस्तानसँग घनिष्ठ सम्बन्धतर्फ अघि बढिरहेको बताउँदै राजनीतिक दिशामा 'राष्ट्रिय पुनर्विचार' आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले अवामी लिगमाथिको प्रतिबन्ध हटाउन र नेता, कार्यकर्ता तथा समर्थकमाथिको दमन रोक्न आग्रह गर्दै 'राष्ट्रिय मेलमिलाप हुनुपर्छ' भन्नुभयो।

उहाँले धार्मिक अल्पसङ्ख्यकमाथि आक्रमण, मन्दिर तथा चर्चमा क्षति र सयौँ हिन्दू घर ध्वस्त पारिएको दाबी गर्नुभयो। साथै पाँच लाखभन्दा बढी राजनीतिक विरोधी पक्राउ परेको, एक लाख २० हजारभन्दा बढी हिरासतमा रहेको तथा दुई सयभन्दा बढी अवामी लिगका नेता-कार्यकर्ताको हिरासतमै मृत्यु भएको आरोप लगाउनुभयो।

महमुदले हिन्दू सन्त चिन्मय कृष्ण दासलाई धार्मिक अल्पसङ्ख्यकमाथिको दमनको विरोध गरेका कारण पक्राउ गरी जमानतबिना हिरासतमा राखिएको दाबीसमेत गर्नुभयो।

## विश्व सङ्क्षेप

# अमेरिकामा दादुरा सङ्क्रमण बढ्दै, न्युयोर्कमा आपतकाल घोषणा

न्युयोर्क, २० असोज (सिन्ह्वा)। अमेरिकाको न्युयोर्क राज्यमा दादुराको प्रकोप बढेपछि राज्यभर आपत्काल घोषणा गरिएको छ। न्युयोर्कको गभर्नर क्याथी होकुलले राज्यका विभिन्न क्षेत्रमा दादुराका बिरामीको सङ्ख्या बढेपछि आपत्काल घोषणा गर्नुभएको छ। यस वर्ष न्युयोर्क राज्यमा अहिलेसम्म १०८ जनामा दादुरा पुष्टि भएको छ। तीमध्ये ९२ जना जुलाई १५ पछि सङ्क्रमित हुनुभएको हो। धेरैजसो सङ्क्रमित कम खोप लगाइएका ग्रामीण क्षेत्रका बासिन्दा हुनुहुन्छ। न्युयोर्क सहरमा पनि ७ जनामा दादुरा पुष्टि भएको छ। छिमेकी राज्य पेन्सिलभेनियामा पनि दादुराको सङ्क्रमण बढिरहेको छ। त्यहाँ यस वर्ष अहिलेसम्म ३९ जिल्लामा १ हजार ४ जनामा दादुरा पुष्टि भएको छ। दादुरासँग सम्बन्धित ५ जनाको मृत्यु भएको जनाइएको छ।

न्युयोर्क सरकारले दादुराविरुद्धको खोप लगाउन अनुमति पाएका स्वास्थ्यकर्मीको सङ्ख्या बढाएको छ। साथै, नागरिकलाई स्थानीय क्षेत्रमा दादुराको जोखिमबारे जानकारी दिन विशेष सूचना प्रणाली सञ्चालनमा ल्याएको छ।

घोषणा गरिएको आपत्काल नोभेम्बर ४ सम्म लागू हुने बताइएको छ। अमेरिकामा अक्टोबर १ सम्म यस वर्ष ३ हजार ८८७ जनामा दादुरा पुष्टि भएको छ। स्वास्थ्य अधिकारीहरूले दादुराबाट सुरक्षित रहन दुई मात्रा दादुरा, गलगण्ड र रुबेलाविरुद्धको खोप लगाउन सुझाव दिनुभएको छ।

अमेरिकाका विद्यालय जाने बालबालिकामा खोप लगाउने दर पछिल्ला वर्षमा घटेको छ। सन् २०२५-२६ को शैक्षिक वर्षमा खोप लगाउने दर ९२.४ प्रतिशत रहेको छ। स्वास्थ्य अधिकारीहरूले कम्तीमा ९५ प्रतिशत बालबालिकाले खोप लगाउनुपर्ने लक्ष्य राख्नुभएको छ।

# क्युबेकमा पृथकतावादी पार्टी अग्रस्थानमा

मन्ट्रियल, २० असोज (एएफपी)। क्यानाडाबाट अलग हुने पक्षमा रहेको पार्टी क्युबेकिस (पीक्यू) ले क्यानाडाको फ्रान्सेली भाषी प्रान्त क्युबेकमा भएको निर्वाचनमा सबैभन्दा बढी सिट हासिल गरेको छ। यद्यपि पार्टीले बहुमत प्राप्त गर्न सकेन। निर्वाचनलाई क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीको राष्ट्रिय एकताको सन्देशका सन्दर्भमा चासोका साथ हेरिएको छ।

पीक्यूका नेता पल सेन्ट-पियरे प्लामन्डन क्युबेकको नयाँ प्रधानमन्त्री बन्नुभएको छ। उहाँले कम्तीमा सन् २०२९ सम्म स्वतन्त्रतासम्बन्धी जनमतसङ्ग्रह नगर्ने बताउँदै यस विषयमा शान्त र सूचित बहस आवश्यक रहेको उल्लेख गर्नुभएको छ। आंशिक परिणामअनुसार पीक्यूले करिब ३० प्रतिशत मत प्राप्त गरेको थियो। सङ्घीयवादी दलहरूबिच मत विभाजन हुँदा पार्टीलाई विजय हासिल गर्न सहज भएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार युद्ध र क्यानाडालाई अमेरिकासँग विलय गर्ने धम्कीबिच भएको निर्वाचनले क्यानाडाको एकताबारे बहस पुन: चर्काएको छ। क्युबेकमा यसअघि सन् १९८० र १९९५ मा स्वतन्त्रतासम्बन्धी जनमतसङ्ग्रह भएका थिए। सन् १९९५ मा क्यानाडामै रहने पक्षमा ५० दशमलव ५८ प्रतिशत मत परेको थियो।

प्रधानमन्त्री कार्नीले पीक्यूलाई बधाई दिँदै बलियो क्युबेक निर्माण गर्नु बलियो क्यानाडा निर्माण गर्ने अभियानको मूल आधार भएको बताउनुभएको छ। पीक्यूको पुनरागमनलाई जीवनयापनको लागत र फ्रान्सेली भाषाको संरक्षणप्रतिको चिन्तासँग पनि जोडेर हेरिएको छ। पार्टीले फ्रान्सेली भाषा नबोल्ने आप्रवासीको सङ्ख्यासमेत घटाउने नीति अघि सारेको छ।

क्युबेकको निर्वाचनको दुई सातापछि तेल उत्पादक प्रान्त अल्बर्टामा क्यानाडाबाट अलग हुने प्रक्रिया सुरु गर्ने विषयमा मतदान हुँदैछ। यसैबिच, पीक्यूले ब्रिटिस राजतन्त्रको प्रभाव घटाउने र लेफ्टिनेन्ट गभर्नरका लागि छुट्याइएको रकम कटौती गर्ने प्रस्ताव पनि अघि सारेको छ। सन् २०२५ को सर्वेक्षणमा ८७ प्रतिशत क्युबेकवासीले बेलायती राजतन्त्रसँग लगाव नरहेको बताएका थिए।

# महँगो इन्धनका कारण विद्युतीय कारतर्फ आकर्षित हुँदै बेलायती उपभोक्ता

लन्डन, २० असोज (सिन्ह्वा)। बेलायतमा नयाँ कारको बिक्री सेप्टेम्बरमा उल्लेख्य रूपमा बढेको छ। नयाँ कार दर्ता लगातार १० महिनादेखि बढिरहेको छ। सेप्टेम्बरको बिक्री सन् २०१७ यताकै सबैभन्दा धेरै भएको छ।

सेप्टेम्बरमा बेलायतमा ३ लाख ५० हजार ५३६ नयाँ कार दर्ता भए। यो अघिल्लो वर्षको सेप्टेम्बरभन्दा १२ प्रतिशत बढी हो।

विद्युतीय र अन्य विद्युतीकृत कारको बिक्रीले बजार बढाउन ठुलो भूमिका खेलेको छ। यस्ता कारले कुल नयाँ कार दर्ताको ५८.४ प्रतिशत हिस्सा ओगटेका छन्।

प्लग-इन हाइब्रिड कारको दर्ता ५५.५ प्रतिशतले बढेको छ। त्यस्तै, ब्याट्रीबाट चल्ने विद्युतीय कारको बिक्री ३६.३ प्रतिशतले बढेर ९९ हजार २०१ थान पुगेको छ।

बेलायतमा अहिले विद्युतीय कारका १७८ वटा नमुना बिक्रीका लागि उपलब्ध छन्। सन् २०२३ यता यस्ता कारका विकल्प दोब्बरभन्दा बढी भएका छन्।

बढ्दो कारका विकल्प र महँगो इन्धनका कारण मानिसहरू विद्युतीय कारतर्फ आकर्षित भइरहेको बताइएको छ। तर, सन् २०२६ का लागि तोकिएको विद्युतीय कारको बिक्री लक्ष्य भने अझै पूरा भएको छैन। यस वर्षको पहिलो नौ महिनामा विद्युतीय कारले कुल नयाँ कार दर्ताको २६.२ प्रतिशत हिस्सा मात्र ओगटेका छन्। लक्ष्य भने ३३ प्रतिशत रहेको छ।

# जनरल भीमसेन थापाको नेपाली चेली र देशमाथिको योगदान

● सोनिशा प्रजापति

जनरल भीमसेन थापा नेपाली नारीमाथिको अन्यायलाई नसहने एक स्वच्छ छविका देशभक्त थिए । उनी विदेशी शक्तिसामु कहिल्यै नझुक्ने योद्धा पनि थिए । मुख्तियार भीमसेन थापा देशनिर्माता भएका कारण चित्तरञ्जन नेपालीले उनले देश निर्माणमा गरेका योगदानका बारेमा चर्चा गरेका छन् । लेखकले थापाको सरदार, काजी, मुख्तियार, जनरल कमान्डर इन चिफसम्मको यात्रालाई राम्रोसँग विश्लेषण गरेका छन् । उनको मृत्यु दर्दनाक रहेको कुरा पनि यसै पुस्तकबाट सबैले थाहा पाउन सकिन्छ ।

जनरल भीमसेन थापालाई फसाउन राजा राजेन्द्रविक्रम शाहकी जेठी महारानी साम्राज्यलक्ष्मी देवीले पाण्डेहरू तथा ब्रिटिश रेजिडेन्टसँग मिलेर गरेका षड्यन्त्रलाई यो पुस्तकले तथ्यसहित प्रस्तुत गरेको छ । विभिन्न षड्यन्त्रका बिच उनको आत्मबल कमजोर पार्न फैलाएको हल्लाले सबैलाई दुखित तुल्याउँछ । तर पनि उनी दृढ भएर ढुङ्गाजस्तै अडिग भएर बसे । उनको यो आत्मबल टुटाउन षड्यन्त्रकारीहरूले नैतिकताको सीमालाई लत्याई जेलमा परेका थापाको कानमा आफ्नी श्रीमतीलाई बिनावस्त्र सहर डुलाएको हेर्नुपर्ने हल्ला फैलाए ।

यस हल्लाले उनको आत्मसम्मानमा आघात भई झ्यालको ऐना फोडी त्यसैको टुक्राले आफ्नै गलामाथि प्रहार गरेको जस्ता प्रचार भयो । त्यसको नौ दिनसम्म छटपटाएर १८९६ साउन १६ गते उनले प्राण त्याग गरेको भ्रम फैलाइयो । तर, भीमसेन थापालाई चिन्ने, बुझ्ने उनको देशभक्ति विचार, आचरण र कदमलाई नजिकबाट नियाल्ने इतिहासविद्हरू त्यो आत्महत्यालाई स्वीकार्दैनन् । उनीहरू त्यो नाटक हो, झूट हो भनी विरोध गर्छन् । उनी त्यस्ता डरछेरुवा होइनन् । उनी संसार जित्छु भनेर आएका बेलायती साम्राज्यवादलाई एसियाबाट भगाउन लागिपरेका व्यक्ति हुन् । उनी देशभक्त लडाकु भनेर थाहा पाएपछि बेलायतीहरूले उनको टाउको बेलायत लगेको सुनिन्छ । इतिहास जित्नेले लेख्छन् भन्ने कुरा त्यसै भनिएको होइन ।

जनरल भीमसेन थापाले ३१ वर्षको अवधिमा राजनीतिक आकाशमा चम्केर आफ्नो बुद्धि, राजनीतिक कुशलता एवं इमानदारीबाट आफ्नो साम्राज्यको किल्ला गाड्नका निम्ति कैयौँ राष्ट्रहरूलाई निल्दै अगाडि बढेको अङ्ग्रेज शक्तिबाट नेपाललाई जोगाएका मात्र थिएनन् कि त्यस साम्राज्यवादी शक्तिको विरोधमा एक भई लड्नका निम्ति भारतका राज्य, चीन, बर्मा, पर्सिया (इरान) आदि एसियाली राष्ट्रहरूलाई आह्वानसमेत गरी संसारमा सबभन्दा पहिले एसियाली एकताको निम्ति आवाज उठाएका थिए । तर, भारतका ग्वालियरका राजाले आफू आक्रमणबाट बच्न भीमसेन थापाले पठाएको गोप्य चिठी बेलायती साम्राज्यवादको हातमा पुर्‍याइदिएर विश्वासघात गरेको हामी सुन्छौँ ।




दासप्रथाविरुद्धको कदम उनको उत्कृष्ट कदममध्ये एक हो । उसबेला नेपालमा सबै काम राष्ट्रिय दृष्टिकोणबाट सोचेर गर्ने चलन थिएन । विभिन्न जाति वा स्थानविशेषलाई लिएर कार्य गर्ने चलन थियो । त्यसैले उनले देवशमशेर, चन्द्रशमशेर र पृथ्वीनारायण शाहको कार्यबाट शिक्षा लिई करिया प्रथा (ऋण र ऋणको ब्याज तिर्न नसक्दा चेलीहरूलाई दास, कमारा बनाउने) ले एकैसाथ देशव्यापी तवरमा बन्द नगरी जाति विशेष र स्थान विशेषको आधारमा प्रतिबन्ध लगाउँदै गए । तर, त्यस्ता दास मालिकहरूको षड्यन्त्र, दरबारिया षड्यन्त्रका कारण उनको दासत्व प्रथालाई नेपालबाट अन्त्य गर्ने काम अधुरो हुन गयो । उनले झाराप्रथा, बेठबेगारी बन्द गरे । यसको अर्थ थियो कसैले कसैलाई बिनाज्याला सित्तै काम गराउन नपाउनु । त्यसपछि राष्ट्रिय कार्यमा बाहेक अरु निजी भारी सित्तैमा बोकाउने कामलाई अवैध घोषित गरियो र ज्यालामा मात्र काम लगाउन पाइने निर्णयले मजदुर जनताले आफ्नो परिश्रमको पारिश्रमिक पाउन थाले ।

सरकारी कर्मचारीहरूले घूस लेलान् भन्ने कुरामा पनि उनले घुस प्रथाविरोधी कदम उठाएका थिए । त्यस समय रूपैयाँभन्दा अनाज सस्तो थियो । उनले किसान मोहीमाथि विशेष ध्यान दिई उनीहरूको मर्म बुझी मोहीको घरमा धान रहेसम्म तल्सिङले रूपैयाँ चाहिन्छ भन्न नपाउने नियम बनाइदिए र किसानलाई तल्सिङको शासनबाट मुक्त गरिदिए ।

उनले माना पाथीको समताको प्रबन्ध गरे । यस्तै व्यवसायीहरूको कारोबार एवं व्यवसायको सुविधा र समताका निम्ति जनरल भीमसेन थापाले नगदीमा १० प्रतिशत र जिन्सीमा २५ प्रतिशत ब्याज लिन पाउने नीति निर्धारण गरे ।

उनले काठमाडौँ उपत्यकाका नेवारहरूको सामाजिक रीतिरिवाज र प्रचलनमा सुधार लयाए । उनले देशका विभिन्न ठाउँमा भाउज्यूसित करणी गर्ने प्रथा र मामाकी छोरी बिहे गर्ने प्रथा पनि हटाउने प्रयास गरे ।

टुँडिखेलनेर धरहरा, घण्टाघर, विभिन्न स्थानका नदीहरूमाथि पुल हाल्ने, बाटो बनाउने, पाटी–पौवा स्थापना गर्ने, किल्ला तयार गर्ने, धरहरानेर सुनधाराको निर्माणको साथै पिउने पानीका निम्ति धारा र खेतीका निम्ति कुलोको पनि प्रबन्ध गरेका थिए ।

उनले देशको आर्थिक स्रोत अब्बल बनाउन विभिन्न जिल्लामा सन्तुलित सहर र बजार बसाउनका निम्ति आवश्यक कदम उठाएका थिए ।

उनले मालपोतबाहेक भन्सारलाई पनि राष्ट्रिय आम्दानीको साधन बनाए । उनकै पालामा हातहतियार लुकाएर ल्याउने तथा सरकारले स्वीकार गरेको भन्दा बढ्ता मुद्रा देश बाहिर लैजाने माथि कडाइ गरिएको थियो ।

१८९३ मा अनावृष्टिको बेला उनले अनिकाल पर्न नदिन र कालाबजारी कम गरी जनता भोकै नपरून् भन्ने विचारले सरकारद्वारा निर्धारित भाउमा धान बेच्नुपर्ने नियम बनाए र धानको लागत सरकारलाई सबैले दिनैपर्ने नियम बनाए ।

नेपालको इतिहासमा यिनैको समयदेखि सर्वसाधारण जनतालाई पनि राष्ट्रको दोस्रो मुख्य पद मुख्तियार खुला रहन गयो । त्यसपछिबाट नेपाली जनताले पनि वास्तविक रूपमा राज्यको शासक बन्ने मौका पाउन थाले ।

यसरी भीमसेन थापाले आफ्नो शासनकालमा देशको शासन व्यवस्था सुधार कार्यमा विकास गरेका थिए । करियाप्रथाविरोधी कदमदेखि लिएर देशको प्रत्येक सामाजिक विकृति विसङ्गतिलगायत अन्य समस्या सुधार गर्ने प्रयास उनले गरेका थिए ।

सो पुस्तकमा भीमसेन थापाले आफ्नो जीवनकालमा गरेका योगदानलाई लालमोहर र विभिन्न पत्रहरू समेटेर प्रस्तुत गरेकाले पुस्तकलाई अझै राम्रो बनाएको छ । विदेशी इतिहासकारहरूले थुपारिएको नेपाली इतिहासका पुस्तकहरूमा यो पुस्तक एउटा पृथक महत्त्वपूर्ण ग्रन्थका रूपमा स्थापित देखिन्छ । पुस्तकका लेखक चित्तरञ्जन नेपाली ( नारायणप्रसाद राजभण्डारी) र प्रकाशक रत्न पुस्तक भण्डारलाई साधुवाद छ ।

# सन् २०३० सम्म विश्वलाई थप ५ करोड शिक्षक आवश्यक पर्ने अनुमान : युनेस्को

पेरिस, २० असोज (सिन्ह्वा) । सन् २०३० सम्म विश्वभर गुणस्तरीय शिक्षा सुनिश्चित गर्न करिब ५ करोड थप शिक्षक आवश्यक पर्ने अनुमान गरिएको छ । विश्व शिक्षक दिवसका अवसरमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), अन्तर्राष्ट्रिय श्रम सङ्गठन, संयुक्त राष्ट्रसङ्घीय बाल कोष र अन्तर्राष्ट्रिय शिक्षा महासङ्घले सोमबार जारी गरेको संयुक्त सन्देशमा यस्तो प्रक्षेपण गरिएको हो ।

उक्त सन्देशअनुसार विश्वका सबै बालबालिकालाई प्राथमिक तथा माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्न मात्रै चार करोड ४० लाख थप शिक्षक आवश्यक पर्नेछ । यसबाहेक प्रारम्भिक बालशिक्षाको पहुँच विस्तार तथा गुणस्तर सुधार गर्न थप ६० लाख शिक्षक आवश्यक पर्ने अनुमान गरिएको छ । यसरी हेर्दा सन् २०३० सम्म विश्वमा कुल ५ करोड नयाँ शिक्षकको आवश्यकता देखिएको हो ।

**शिक्षकको अभाव विश्वव्यापी चुनौती**

विश्वका धेरै देशमा विद्यार्थीको सङ्ख्या बढ्दै गए पनि त्यसअनुसार शिक्षकको सङ्ख्या वृद्धि हुन नसक्दा शिक्षा क्षेत्रमा ठूलो चुनौती देखिएको छ । विशेषगरी विकासोन्मुख तथा न्यून आय भएका देशमा योग्य शिक्षकको अभाव अझ गम्भीर रहेको छ ।

शिक्षकको अभावले विद्यार्थी र शिक्षकबिचको अनुपातमा असर पार्नुका साथै कक्षाकोठामा व्यक्तिगत ध्यान, सिकाइको गुणस्तर र शैक्षिक उपलब्धिमा समेत प्रभाव पार्न सक्छ । त्यसैले आगामी वर्षहरूमा नयाँ शिक्षक नियुक्त गर्नुका साथै उनीहरूलाई आवश्यक तालिम, उचित पारिश्रमिक र सुरक्षित तथा सम्मानजनक कार्य वातावरण उपलब्ध गराउनु आवश्यक रहेको अन्तर्राष्ट्रिय संस्थाहरूले जोड दिएका छन् ।

**अनुभवी शिक्षकलाई पेसामा टिकाइराख्नुपर्ने**

संयुक्त सन्देशमा नयाँ शिक्षक भर्ती गर्नु मात्रै पर्याप्त नहुने उल्लेख गरिएको छ । लामो समयदेखि शिक्षण पेसामा रहेका अनुभवी शिक्षकलाई पेसामै टिकाइराख्नु पनि उत्तिकै महत्त्वपूर्ण रहेको बताइएको छ । शिक्षकले आफ्नो पेसालाई सम्मानजनक र दीर्घकालीन करियरका रूपमा अनुभव गर्न सक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । उचित पारिश्रमिक, सुरक्षित कार्यस्थल, व्यावसायिक विकासका अवसर, पदोन्नतिको सम्भावना र निर्णय प्रक्रियामा सहभागिताजस्ता विषयले शिक्षकलाई पेसामा टिकाइराख्न महत्त्वपूर्ण भूमिका खेल्ने जनाइएको छ ।

**महिला शिक्षकलाई नेतृत्वमा अवसर**

विश्वव्यापी शिक्षा प्रणालीमा महिला शिक्षकको सहभागिता महत्त्वपूर्ण भए पनि नेतृत्वदायी पदमा उनीहरूको प्रतिनिधित्व अझै पर्याप्त नभएकोतर्फ पनि संयुक्त सन्देशले ध्यानाकर्षण गराएको छ ।

महिला शिक्षकलाई विद्यालय तथा शिक्षा प्रशासनका नेतृत्वदायी भूमिकामा पुग्ने समान अवसर उपलब्ध गराउनुपर्नेमा जोड दिइएको छ । नेतृत्वमा महिलाको सहभागिता बढाउँदा शिक्षा क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन हुनुका साथै विद्यालय व्यवस्थापन र शैक्षिक नीतिनिर्माणमा विविध दृष्टिकोण समेट्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**शिक्षण पेसालाई आकर्षक बनाउनुपर्ने**

शिक्षकको विश्वव्यापी माग पूरा गर्न शिक्षण पेसालाई युवाका लागि आकर्षक बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ । योग्य जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्न प्रतिस्पर्धात्मक पारिश्रमिक, राम्रो कार्य वातावरण, सामाजिक सम्मान र निरन्तर सिकाइका अवसर आवश्यक रहेको सन्देशमा उल्लेख गरिएको छ । त्यसैगरी, शिक्षकलाई केवल पाठ पढाउने व्यक्तिका रूपमा नभई विद्यार्थीको बौद्धिक, सामाजिक र भावनात्मक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने पेशेवरका रूपमा सम्मान गर्नुपर्नेमा जोड दिइएको छ ।

**शिक्षक दिवसको ऐतिहासिक महत्त्व**

हरेक वर्ष अक्टोबर ५ मा विश्व शिक्षक दिवस मनाइन्छ । विश्वभर शिक्षकले शिक्षा क्षेत्रमा पुर्‍याएको योगदानको सम्मान गर्नुका साथै शिक्षकका अधिकार, जिम्मेवारी र उनीहरूले सामना गरिरहेका चुनौतीबारे जनचेतना फैलाउने उद्देश्यले यो दिवस मनाइन्छ ।

यस वर्षको विश्व शिक्षक दिवसको अवसरमा शिक्षकको हैसियतसम्बन्धी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सिफारिसपत्र स्वीकृत भएको ६० वर्ष पूरा भएको विषयलाई समेत स्मरण गरिएको छ । उक्त सिफारिसपत्रले शिक्षकका अधिकार तथा जिम्मेवारी, शिक्षकको प्रारम्भिक तयारी तथा थप शिक्षा, नियुक्ति प्रक्रिया, रोजगारीका अवस्था र शिक्षण तथा सिकाइको वातावरणसम्बन्धी महत्त्वपूर्ण मापदण्ड तय गरेको थियो ।

**शिक्षाको भविष्य शिक्षकमा निर्भर**

विश्वमा सबै बालबालिकालाई समान र गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य हासिल गर्न पर्याप्त सङ्ख्यामा दक्ष शिक्षक आवश्यक पर्ने देखिएको छ । शिक्षकको सङ्ख्या बढाउनुका साथै उनीहरूको क्षमता विकास, पेसागत सुरक्षा र सम्मान सुनिश्चित गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुने अन्तर्राष्ट्रिय संस्थाहरूको निष्कर्ष छ । सन् २०३० सम्म थप ५ करोड शिक्षकको आवश्यकता पर्ने प्रक्षेपणले विश्व शिक्षा प्रणालीसामु रहेको ठूलो चुनौतीलाई उजागर गरेको छ । यस चुनौतीलाई सम्बोधन गर्न सरकार, शैक्षिक संस्था, शिक्षक सङ्गठन तथा अन्तर्राष्ट्रिय समुदायबिच सहकार्य आवश्यक देखिएको छ । गुणस्तरीय शिक्षकबिना गुणस्तरीय शिक्षा सम्भव नहुने भएकाले आगामी वर्षहरूमा शिक्षक उत्पादन, नियुक्ति, तालिम, पारिश्रमिक र पेसागत विकासमा पर्याप्त लगानी गर्नुपर्ने आवश्यकता यस प्रक्षेपणले स्पष्ट पारेको छ ।

**सहरमा...**

एउटै नातागोताका हुने भन्ने साझा पहिचानले मानिसलाई जोड्थ्यो । त्यस्तो ऐक्यबद्धता कमजोर हुँदै जाँदा हामी जैविक ऐक्यबद्धता (अर्गानिक सोलिडारिटी) तर्फ अग्रसर भएका छौँ । आधुनिक समाजमा मानिसका काम वा पेसा फरक भएका छन् र सोहीअनुसारको सम्बन्ध र सम्बद्धता निर्माण हुन्छ । उनीहरूमा पेसागत वा संलग्नताका आधारमा ऐक्यबद्धता हुन्छ । त्यस्तो ऐक्यबद्धता राजनीतिक आधारमा पनि हुन सक्छ । यो आधुनिक समाजको विशेषता हो । त्यस्तो सङ्गठित वा जैविक ऐक्यबद्धता बढ्दै जानुका कारण स्थानीय र भावनात्मक सम्बन्धको आवश्यकता समाप्त हुँदैन ।

**प्रविधिले बदलेको सम्बन्धको स्वरूप**

प्रविधि र सामाजिक सञ्जालले सूचनाको प्रवाहलाई व्यापक बनाएका छन् । सूचनाको पहुँच र अभिव्यक्ति लोकतान्त्रिक भएको छ । मानिसले आफूलाई मन लागेको कुरा भन्न सक्छ र धेरै मानिससँग जोडिन सक्छ । प्रविधिका यस्ता धेरै सकारात्मक पक्ष छन् । भनिन्छ, सामाजिक सञ्जालले टाढाकालाई नजिक र नजिककालाई टाढा बनाएको छ । तर, सामाजिक सञ्जालले भावनात्मक सम्बन्धमा पारेको प्रभावबारे पनि प्रश्न उठेका छन् । अध्ययनले अत्यधिक सामाजिक सञ्जाल प्रयोग गर्ने बालबालिका–किशोरकिशोरीको बौद्धिक क्षमतामा ह्रास आउने, वयस्कहरूमा डिप्रेसन हुने देखाइरहेको छ । त्यसैले, प्रत्यक्ष मानवीय सम्बन्धको स्थान सामाजिक सञ्जालले लिन सक्दैन ।

मानिसलाई दु:ख पर्दा दु:खको सङ्केत गर्ने इमोजी पठाउनु वा 'दु:खी भएँ' भनेर लेख्नु र दु:खमा परेको मानिससँगै बसेर उसको पीडामा सहभागी हुनु एउटै कुरा होइन । अहिले दु:ख पर्दा सँगै बसेर रुने, बिरामी पर्दा घरमै पुग्ने वा समस्या पर्दा प्रत्यक्ष सहयोग गर्ने अवस्था कमजोर हुँदै गएको छ । मानिस स्थूल वस्तु होइन, भावनाबाट चल्ने सामाजिक प्राणी हो । त्यसैले, भावनात्मक सम्बन्ध कमजोर हुँदै जाँदा छिमेकी र सामुदायिक भावनामा पनि असर पर्न सक्छ ।

**छिमेकीपन जोगाउने मौलिक अभ्यास**

खासगरी, उपत्यकाका नेवार समुदायमा अहिले पनि परम्परागत, सानो र सरल समाजमा पाइने (यान्त्रिक) ऐक्यबद्धता र सोहीअनुरूप छिमेकीपन धेरै मात्रामा जीवित छ । अन्य आदिवासी समुदायमा पनि यस्तो ऐक्यबद्धता र सांस्कृतिक निरन्तरता र पुनर्जागरणको अभ्यास पाउन सकिन्छ । यस्ता अभ्यासले समुदायलाई भावनात्मक रूपले एक बनाइराख्ने र आपसी सहयोगमा आधारित सामुदायिकपन कायम गर्न सहयोग गर्छन् ।

मेरो अवलोकन, अध्ययन र अनुभवको आधारमा भक्तपुर नगरपालिकाले गरेका केही कामलाई नजिकबाट हेर्दा सहरी क्षेत्रमा पनि छिमेकीपन जोगाउने अनेक प्रयास भएको देखिन्छ । पेसागत र व्यावहारिक कारण जब परिवारका सदस्य आ–आफ्ना काममा जाने र वृद्धवृद्धा घरमा बस्ने अवस्था बढेपछि नगरपालिकाले टोल–टोलमा फल्चा निर्माण र पुनर्निर्माण गरेको छ । त्यहाँ वृद्धवृद्धा जम्मा हुन्छन्, भजन डाफाहरू हुन्छन्, बाघचाल खेल्छन् र कुराकानी गर्छन् । यसरी उनीहरूले एक्लो महसुस गर्नुपर्दैन ।

परिवारका सदस्य आर्थिक उपार्जनका लागि आफ्नो काममा जानुपर्छ । त्यसैले, वृद्धवृद्धाको हेरचाहका लागि आवश्यक जनशक्ति उत्पादन गर्न नगरपालिकाले नै नर्सिङ शिक्षातर्फ पनि काम गरेको छ । नगरपालिकाले नर्सिङ कलेज नै सञ्चालन गरेको छ । पालिकाले युवाका लागि पुस्तकालय निर्माण र सञ्चालनमा सहयोग गरेको छ । स्थानीय साना पसललाई र उद्यमीलाई स्थान दिने अभ्यास पनि गरेको छ । अहिले पनि त्यहाँ दुई–चार मुठा साग वा केही किलो काउली बेचिरहेका साना पसल भेटिन्छन् । युवाहरूलाई चाडपर्व र जात्राबारे नियमित प्रशिक्षण दिने गरिन्छ ।

थारू समुदायमा बरघरले समुदायको प्रतिनिधित्व गर्छ र यो समुदायको नेतृत्वदायी प्रथाजनित संस्था हो । जहाँ यस्तो प्रचलन बाँचेको छ, त्यहाँ छिमेकी वा सामुदायिक भावनाको निरन्तरता पनि देखिन्छ । बखेरी वा वार्षिक भेला हुन्छ । सबैजना भेलामा सहभागी हुन्छन् । नयाँ नेतृत्व लोकतान्त्रिक ढङ्गबाट चुन्छन् । त्यसबाट उनीहरू आफ्नो समुदायका लागि बढी जिम्मेवार हुन्छन् । यस्ता परम्परागत संस्थाले आधुनिक समाजमा पनि सामुदायिक सम्बन्धको महत्त्व देखाउँछन् ।

भर्खरको भोटेकोसी–त्रिशुली बाढी आउँदा सबैभन्दा धेरै सहयोगी र प्रभावकारी स्थानीय तह अर्थात् समुदायको तह नै भयो । यसले एउटा महत्त्वपूर्ण प्रश्न उठाउँछ, मानिस समुदायको सदस्य हुनुको अर्थ कसरी दिगो बनाउने ? समुदायलाई कसरी वातावरणीय रूपमा दिगो बनाउने ? जीविकोपार्जनलाई कसरी दिगो बनाउने ? समुदाय बलियो हुँदा विपत्मा सहयोग मात्र होइन, वातावरण संरक्षण, स्थानीय अर्थतन्त्र र सामाजिक सुरक्षाका आधार पनि बलिया हुन्छन् ।

**नयाँ स्वरूपको छिमेकीपन**

हिजोको छिमेकीपन भावनात्मक र संवेदनात्मक रूपमा मानिसलाई जोड्ने माध्यम थियो । त्यो गुमाउनु भनेको ठूलो सामाजिक पुँजी, सांस्कृतिक पुँजी र प्रतीकात्मक पुँजी गुमाउनु पनि हो । जुन समाज वा छिमेकमा सामाजिक पुँजी कमजोर हुन्छ, त्यो समाज पनि कमजोर हुँदै जान्छ ।

सामुदायिक अवधारणा अर्थात् समुदायलाई बलियो बनाउने प्रयास धेरै अर्थमा दिगो बनाउने प्रक्रिया हो । वातावरणीय संरक्षण, राजनीतिक अधिकारको संरक्षण, संस्कृतिको संरक्षण र स्थानीय जीविकोपार्जनजस्ता विषयमा समुदायको भूमिका महत्त्वपूर्ण हुन्छ । सामुदायिक भावनाले सामाजिक पुँजीलाई कायम राख्न सहयोग गर्छ ।

छिमेकीपन कमजोर हुँदै गएको छ, तर त्यसले नयाँ स्वरूप लिने प्रयास पनि गरिरहेको छ । प्राथमिक सम्बन्धबाट सामाजिक सञ्जालमार्फत द्वितीय सम्बन्धतर्फ गइरहेका छौँ । तर, प्राथमिक सम्बन्धको प्रभाव र गहिराइ द्वितीय सम्बन्धले सधैँ दिन सक्दैन ।

टोल सुधार समिति, क्लबजस्ता संस्था बनिरहेका छन् । तर, पुरानो समुदायको जस्तो छिमेकीपन फेरि जस्ताको तस्तै पुनर्स्थापित गर्न कठिन छ । हामी दिगो समाज, दिगो समुदाय र दिगो जीवनको कुरा गर्छौँ भने छिमेकीपनलाई पुनर्ताजगी दिन आवश्यक छ । हामी त्यसतर्फ उन्मुख छौँ कि छैनौँ भन्ने कुराले फरक पार्छ ।

मानिसहरू एउटै ठाउँमा बसे पनि उनीहरूलाई जोड्ने कुरा फरक–फरक छन् । ती सबै भिन्नताबिच 'हामी एउटै टोलमा बस्छौँ' भन्ने साझा आधार निर्माण गर्न सकियो भने नयाँ प्रकारको छिमेकीपन विकास हुन सक्छ ।

समुदाय कमजोर भएपछि मानिस व्यक्तिवादी हुँदै जान्छ, 'सबै मैले गर्नुपर्छ', 'मैले कमाउनुपर्छ' भन्ने भावना बढ्छ । निजी उपभोगको मात्रा र आकार ठूलो हुन्छ । मानिस नयाँ प्रकारको प्रतीकात्मक पुँजी निर्माणतर्फ लाग्छ, तर पुरानो सामाजिक तथा सांस्कृतिक पुँजी गुमाउँदै जान्छ । त्यसैले, आजको प्रश्न हिजोको छिमेकीपन जस्ताको त्यस्तै फर्काउने कि नफर्काउने भन्ने मात्र होइन, प्रश्न यो हो, बदलिएको सहरमा हामी कसरी फेरि एक–अर्कासँग जोडिन सक्छौँ ?

नयाँ मानिस आएका छन्, परिवारको स्वरूप बदलिएको छ, उत्पादन र उपभोग बजारमुखी भएको छ, राज्यको भूमिका बढेको छ र प्रविधिले सम्बन्धको स्वरूप परिवर्तन गरेको छ । यस्तो अवस्थामा पुरानो छिमेकीपनको नक्कल गरेर मात्र समाधान निस्कँदैन । हामीले नयाँ परिस्थितिमा नयाँ छिमेकीपन निर्माण गर्नुपर्छ ।

त्यसका लागि साझा सार्वजनिक ठाउँ चाहिन्छ । स्थानीय संस्कृति र परम्परासँग जोडिने अवसर चाहिन्छ । टोलमा सँगै काम गर्ने वातावरण चाहिन्छ । विपत्मा एक–अर्कालाई सहयोग गर्ने अभ्यास चाहिन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा 'म' भन्दा माथि उठेर 'हामी' भन्ने अनुभूति निर्माण गर्न सक्ने सामाजिक अभ्यास चाहिन्छ । छिमेकीपन हराउनु भनेको छिमेकीसँगको सम्बन्ध हराउनु मात्र होइन, त्यो सामाजिक पुँजी, सामुदायिक स्मृति र पारस्परिक उत्तरदायित्वको एउटा हिस्सा हराउनु पनि हो ।

*(मानवशास्त्री ढकालसँग शान्ति तामाङले गरेको कुराकानीमा आधारित)*

***साभार : नयाँ पत्रिका***

# संगम बचत तथा ऋण सहकारी संस्था लि.

## खलाँ, भ.न.पा.-४, भक्तपुर

# हार्दिक धन्यवाद









यस संस्थाको १९ औं वार्षिक साधारणसभा सभ्य र भव्यताका साथ सम्पन्न गर्न पाल्नुभएका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेश सभाका सदस्य **श्री सुरेन्द्रराज गोसाईं**लगायत सम्पूर्ण अतिथिहरू, सल्लाहकारहरू, प्रगति प्रतिवेदन पुस्तिकाको लागि लेख रचना उपलब्ध गराउनुहुने लेखक महानुभावहरू, विभिन्न सहकारी संस्थाबाट पाल्नुभएका आमन्त्रित सहकारीकर्मीहरू, उद्घाटन धुन प्रस्तुत गर्ने लैको बाँसुरी बाजा खलः, सञ्चारकर्मी महानुभावहरू, स्वयम्सेवक महानुभावलगायत सम्पूर्ण सदस्य तथा शुभचिन्तकहरूलाई **हार्दिक धन्यवाद** ज्ञापन गर्दछौं ।

साथै निर्वाचनको महत्त्वपूर्ण जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्नुभएकोमा निर्वाचन समितिका संयोजक तथा सदस्यहरूमा **हार्दिक धन्यवाद** ज्ञापन गर्दछौं ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा